# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १६८ | काठमाडौं | मंगलबार, २८ असोज २०८२ | Prabhab National Daily | Tuesday, 14 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–





आइसिसी ट्वान्टी–२० विश्वकप एसिया एण्ड इस्ट एसिया प्यासिफिक छनोटअन्तर्गत सुपर सिक्सको दोस्रो खेलमा कतारविरुद्ध विकेट लिएपछि खुसी मनाउँदै नेपाली खेलाडी। सोमबार नेपालले कतारलाई पाँच रनले हराउँदा सन्दीप लामिछानेले निर्णायक पाँच विकेट लिए। *तस्बिर सौजन्य: क्यान*

# सुन तस्करी प्रकरणमा पूर्वसभामुख महराविरुद्ध मुद्दा

## आठ करोड ५५ लाख बिगो र तीन वर्षभन्दा बढीको कैद सजाय माग

- संगठित अपराध र भन्सार ऐनअन्तर्गतका कसुरमा मुद्दा
- तीन वर्षअघि विद्युतीय चुरोट (भेप)मा लुकाएर सुन तस्करी भएको प्रकरणमा संलग्न रहेको आरोप
- भन्सार ऐन ०६४ र संगठित अपराध निवारण ऐन ०७० प्रतिकूल काम गरेको कसुर
- महराविरूद्ध भ्रष्टाचार निवारण ऐन ०५९ अनुसार अख्तियारको अनुसन्धान पनि जारी
- आरोपित महराको आज बयान र थुनछेक बहस हुने



■ **जेबी योञ्जन**

**काठमाडौं–** सुन तस्करी प्रकरणमा मुछिएका पूर्वसभामुख कृष्णबहादुर महराविरुद्ध दुईवटा कसुरमा मुद्दा दर्ता भएको छ। जिल्ला अदालत काठमाडौंमा उनीविरुद्ध सोमबार संगठित अपराध र भन्सार ऐनअन्तर्गतका कसुरमा मुद्दा दर्ता भएको हो।

यी दुई मुद्दामा आठ करोड ५५ लाख २८ हजार रूपैयाँ बिगो मागदाबी भएको छ। काठमाडौं जिल्ला अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठका अनुसार तीन वर्षभन्दा बढी अवधि कैद सजाय मागदाबी पनि गरिएको छ। श्रेष्ठले प्रभावसँग भने, 'मंगलबार उहाँको बयान हुने छ र त्यसपछि थुनछेक बहस हुने छ र संगठित अपराध र भन्सार ऐन कसुरमा मुद्दा दर्ता भएको छ।'

पहिलो संविधानसभामा सांसद खरिद बिक्री गर्न चिनियाँसँग पैसा मागेको र सभामुख छँदै संसद् सचिवालयकी एक कर्मचारीमाथि बलात्कारको आरोप लागेका विवादित बनेका उनी पछिल्लोपटक सुन तस्करी प्रकरणमा मुछिएका थिए। यसअघि राजनीतिक संरक्षण पाएका उनलाई आइतबार पक्राउ गरिएको हो।

महराले भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१), उपदफा (२) र उपदफा (३) को खण्ड (क) बमोजिमको कसुर गरेकोमा बिगो आठ करोड ५५ लाख २८ हजार रूपैयाँ र सोही ऐनको दफा ५७ को उपदफा (१घ) को खण्ड (ख) बमोजिम सजाय हुनुपर्ने भनिएको छ। ती कसुर संगठितरूपमा समूह बनाई तहगत जिम्मेवारीअनुसारको कार्य गरी संगठित ढंगले कसुर गरेकोमा महरालाई संगठित अपराध निवारण ऐन, २०७० को दफा ९ को खण्ड (क) बमोजिम थप सजाय हुन मागदाबी गरिएको श्रेष्ठले बताए।

तीन वर्षअघि विद्युतीय चुरोट (भेप)मा लुकाएर सुन तस्करी भएको प्रकरणमा महरा मुछिएका छन्। उनी यही प्रकरणमा दोस्रोपटक पक्राउ परिसकेका छन्। तर, यसअघि भने उनले प्रहरी र जिल्ला सरकारी वकिल कार्यालयबाट उन्मुक्ति पाए। आइतबार उनलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले खुमलटारबाट पक्राउ गरेको थियो।

सिआइबीले पूर्वसभामुख महराविरुद्ध भन्सार ऐन ०६४ र संगठित अपराध निवारण ऐन ०७० प्रतिकूल काम गरेको कसुरमा अनुसन्धान अघि बढाएको छ। राज्यका उच्च ओहदामा रहेर काम गरिसकेका महराविरुद्ध अख्तियारले भ्रष्टाचार निवारण ऐन ०५९ अनुसार पनि अनुसन्धान गरिरहेको छ।

भन्सार ऐन, ०६४ अन्तर्गत सरकारद्वारा जारी आदेशअनुसार 'झिटीगुण्टा' शीर्षकमा महिलाले ५० ग्राम र पुरुषले २५ ग्राम तथा भन्सार शुल्क तिरेर २०० ग्रामसम्म तयारी सुन ल्याउन पाइन्छ। यसबाहेक हुने सुन कारोबारलाई दण्डनीय मानिएको छ।

क्रमश: पृष्ठ २ मा

# जीवित नफर्किने भए विपिन

## हमासले इजरायललाई बुझायो शव

■ **प्रभाव संवाददाता**



- इजरायल सरकारको 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत गाजा पुगेका विपिन सन् २०२३ अक्टोबर ७ मा हमासको नियन्त्रणमा परेका थिए
- विपिन जीवितै रहेको भन्दै इजरायली सरकारले भनेपछि राष्ट्रपति रामचन्द्र पौडेलदेखि तीन सरकार प्रमुखहरूले उनको रिहाइका लागि पहल गरेका थिए
- सोमबार हमासले इजरायललाई बुझाएको चार शवको फरेन्सिक जाँचपछि शव पहिचान गरिने

**काठमाडौं–** दुई वर्षअघि हमासको कब्जामा परेका नेपाली विद्यार्थी विपिन जोशी अन्ततः जीवित नरहेको पुष्टि भएको छ। हमासले सोमबार जोशी जीवित नरहेको पुष्टि गरेको हो।

हमासले विपिनसहित इजरायली नागरिकहरू गाय इलोज, योसी साराबी र डेनियल पेरेट्जको शव इजरायललाई सोमबार साँझ बुझाएको छ। यद्यपि, फरेन्सिक जाँपछिमात्रै शव पहिचान हुने जानकारी दिइएको छ।

यसअघि इजरायली अधिकारीहरूले सोमबार बिहानै नेपाली राजदूत धनप्रसाद पण्डित र विपिनका परिवारलाई हमासको कब्जाबाट रिहा हुने जीवित बन्धकहरूको सूचीमा नेपाली विद्यार्थी विपिन नरहेको जानकारी गराएका थिए।

'इजरायल डिफेन्स फोर्स (आइडिएफ)को कर्मचारीले फोन गरे। आज रिहा हुने जीवितहरूको सूचीमा विपिन जोशी नरहेको जानकारी गराए,' राजदूत पण्डितले भने।

हमासले सोमबार नै आफ्नो नियन्त्रणमा रहेका २० जना इजरायली बन्धकलाई जीवितै मुक्त गरेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प इजरायल पुगेका बेला अमेरिकी मध्यस्थताको युद्धविराम र बन्धक सम्झौता औपचारिकरूपमा लागू भएको घोषणा गरिएको थियो। लगत्तै ट्रम्प इजिप्ट पुगेर गाजा युद्धविराम कार्यक्रमलाई सम्बोधन गरेका थिए। दुईतर्फी सम्झौतापछि इजरायलले प्यालेस्टाइनी कैदी मुक्त गर्न थालेको छ।

क्रमश: पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# जेन–जी आन्दोलनपछि युएई बन्द हुँदा चिन्तामा व्यवसायी

> युएईमा निर्भर व्यवसायीहरु निकै गाह्रो भयो, संघले पहल गर्नुपर्‍यो भन्नुहुन्छ। संघले आफ्नो ठाउँबाट गरिरहेको छ। हामीले पनि गरिरहेका छौं। त्यो पहलले पुगिरहेको छैन।
>
> ■ **दीपक थापा**
> अध्यक्ष, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन

■ **ममता थापा**



**काठमाडौं–** करिब एक महिनादेखि संयुक्त अरब इमिरेट्स (युएई)को रोजगारी बन्द हुँदा वैदेशिक व्यवसायीहरूमा चिन्ता बढेको छ।

गत भदौ २३ र २४ गतेको जेन–जी आन्दोलनपछि नेपालको प्रमुख श्रम गन्तव्य मुलुक युएईले श्रमिकहरूको भिसा रोकिदिँदा व्यवसायीहरू समस्यामा परेका हुन्। यसले युएई जाने प्रक्रिया थालेका हजारौं युवाहरू प्रभावित भएका छन्।

आन्दोलनपछि निम्तिएको अवस्थाका कारण अघोषितरूपमा रोकिएको रोजगारी चाँडै खुल्ने आशा गरिएको थियो। तर वर्तमान परिस्थितिलाई नियाल्दा अझै समय लाग्ने संकेत देखिएको व्यवसायीहरू बताउँछन्। युएई खुलाउन विभिन्न उपायहरू अवलम्बन गर्न सकिनेमा पहल गर्ने निकाय नभएको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष दीपक थापाले बताए।

'पुलिस रिपोर्ट लिएर जान सकिनेगरी कूटनीतिक पहल गरिदिँदा छिटो होला। तर विभागीय मन्त्री नै हुनुहुन्न, सचिवसँग कुरा त भइरहेको छ। उहाँले गर्नसक्ने अवस्था छैन। दूतावासबाट पनि कुनै आधिकारिक जानकारी आएको छैन। त्यो हुँदा तत्कालै खुल्न गाह्रै जस्तो छ,' थापाले भने।

पछिल्लो समय कतार र मलेसियाले श्रमिक लैजाने क्रम न्यून छ। यो अवस्थामा श्रमिक र व्यवसायीहरूका लागि युएई नै प्रमुख रोजगार गन्तव्य थियो। कतार, मलेसियामा निर्भर व्यवसायीहरू पनि युएईको काममा प्रवेश गर्न थालेको जनाइन्छ। तर उनीहरू नै समस्यामा परेका छन्। समयमै समाधान नगरे यसले मुलुककै अर्थतन्त्रमा प्रभाव पार्ने निश्चित रहेको थापाको भनाइ छ।

'युएईमा निर्भर व्यवसायीहरू निकै गाह्रो भयो, संघले पहल गर्नुपर्‍यो भन्नुहुन्छ। संघले आफ्नो ठाउँबाट गरिरहेको छ। हामीले पनि गरिरहेका छौं। त्यो पहलले पुगिरहेको छैन,' थापाले भने, 'यसले पछि गएर अर्थतन्त्रमा ठूलो असर गर्छ। तर यसलाई गम्भीरताका साथ कस्ले लिइदेला भन्ने हो। सरकार नै यस्तो अवस्थामा छ।'

### चाँडै खुल्ने परराष्ट्रको आश्वासन

परराष्ट्र मन्त्रालयले युएई रोजगारीमा देखिएको समस्याका विषयमा विभिन्न तवरबाट छलफल भइरहेकाले चाँडै निकास निस्कने जानकारी दिएको छ। अवस्था सामान्य बन्दै गएको देखिन थालेको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए।

'प्रधानमन्त्रीले आयोजना गर्नुभएको बिफ्रिङ कार्यक्रममा नेपाल पूर्ववत् अवस्थामा आइसकेको, पर्यटनलगायतका आर्थिक गतिविधि सञ्चालन भइसकेको भन्ने जानकारी प्रवाह भएको छ। हामीले पनि दूतावासहरूलाई सबै कुरा ठीक भइसकेको जानकारी गराइसकेका छौं,' क्षेत्रीले भने, 'अब यही लाइनमा जान्छ, सामान्यीकरण हुन्छ। विस्तारै सामान्य भएको हामीले महसुस गरिरहेका छौं। लामो समयसम्म जाँदैन भनेर विश्वस्त हुनेगरी नै आइरहेको छ कुराहरू।'

क्रमश: पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमशः

## सुन तस्करी...

महराले झण्डै नौ किलो चिनियाँ तस्करको सुन भन्सारबाट छुटाउन चलखेल गरेको आरोप छ । त्यसक्रममा २५६ पटक फोन सम्पर्क बिचौलियासँग भएको प्रहरी अनुसन्धानबाट देखिएको छ । चिनियाँ सुन तस्कर दावाजिन वाङसँग महराले ११ पटक फोन सम्पर्क गरेको देखिएको प्रहरीको भनाइ छ । महराले दावाजिनसँगको सम्बन्ध पुरानो रहेको बताइसकेका छन् ।

सुन तस्करी भएको १० पुस २०७९ मा हो । त्यसदिन ७३ बट्टामा ७३० वटा भेपमा लुकाएर चिनियाँ तस्करले दुबईहुँदै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुन ओसारेका थिए । करिब नौ किलो सुनको त्यसबेलाको बजार मूल्यअनुसार साढे आठ करोड रूपैयाँ थियो । फ्लाइ दुबईको उडान नम्बर एफजेड ०५८७ बाट चिनियाँ राहदानी इजे ६३५००३० बाहक ली हसङले दुईवटा सुटकेसभित्र लुकाएर ७३ वटा बट्टामा सुन राखिएका भेपसहित काठमाडौं आएका थिए ।

काठमाडौं ओर्लिएलगत्तै भेपका रूपमा जाँचपास गराएर चिनियाँ गिरोहका नाइके दावाजिन वाङलाई हस्तान्तरण गर्ने तरखरमा थिए, ली । तर, सामान शंकास्पद देखिएपछि त्यही दिन विमानस्थल भन्सार कार्यालयले सामान नियन्त्रणमा लियो । त्यसको केही दिनमै हसङ फरार भए । सुनका मालिक दावाजिनले पूर्वसभामुख महरा र उनका छोरा राहुलबाट भन्सारमा रोकिएका सामान छुटाउन सक्रियता बढाए । त्यसपछि महराका बाबुछोरा दावाजिनको योजनाअनुसार सुन भएका भेप छुटाउन सक्रिय भए । त्यसक्रममा महरा बाबुछोराले भन्सारका कर्मचारीसहित विभिन्न व्यक्ति र चिनियाँ तस्करसमेतलाई विभिन्न समयमा २५० भन्दा बढी पटक फोन गरेका थिए ।

उसो त भन्सारले भेप नियन्त्रणमा लिएपछि तीन दिनपछि १३ पुसमा महराका बाबुछोराले पालैपालो भन्सारका कर्मचारीलाई फोन गरेर छुटाउन दबाब दिए । तर, विमानस्थल भन्सारका तत्कालीन प्रमुख प्रशासक अरुण पोखरेलले मानेनन् । त्यसबेलासम्म भेपमा सुन राखिएको विषय सार्वजनिक भएको थिएन । भेप गोदाममा सिल गरेर राखिएको थियो । पछि भन्सारकै कर्मचारी र बिचौलियासहितको सेटिङमा गोदाममा राखिएका ती भेप चोरी भए । त्यसको ठाउँमा अरु नै भेप राखियो । सुन भएका भेप निकालेर गिरोहले बिक्री गरेको रहस्य खुलेको थियो । त्यसपछि भेपमा सुन तस्करी गरेको र विमानस्थल भन्सार कार्यालयले रोक्दा छुटाउन पूर्वसभामुख महरा र उनका छोरा राहुल सक्रिय भएको देखिएको थियो ।

यही प्रकरणपछि महरा ५ चैत २०८० मा कपिलवस्तुबाट पक्राउ परेका थिए । पूर्वन्यायाधीश डिल्लीराज आचार्यको अध्यक्षतामा गठित जाँचबुझ आयोगले पनि भेप प्रकरणमा महराको भूमिका सन्दिग्ध रहेको र तथ्य-प्रमाणले उनलाई कसुरदार होइनन् भन्न नसकिने भन्दै पुनः अनुसन्धान गर्नुपर्ने राय दिएको थियो । तर, राजनीतिक शक्ति केन्द्रसँगको निकट सम्बन्धका कारण उनले पटक-पटक उन्मुक्ति पाए । उनलेभन्दा बढी कल गरेका छोरा राहुललाई सिआइबीले १३ भदौ २०८० मा पक्राउ गरेको थियो । सोही वर्षको २७ भदौमा उनीसँग सिआइबीले सोधपुछ गरेको थियो ।

जबकि, २४ असोज ०८० मा राहुलसहित लोकेन्द्र पौडेल, तिब्बती मूलका बेलजियन नागरिक दावाछिरिङ र अर्का व्यक्ति निमा छिरिङविरुद्ध भन्सार छली र संगठित अपराध कसुरमा सात वर्षसम्म कैद सजाय माग गर्दै अदालतमा मुद्दा दायर भयो । यसपछि तत्कालीन पुष्पकमल दाहाल सरकारको चौतर्फी आयोजना भयो । त्यो विषयले संसद्मा पनि प्रवेश पायो । अन्ततः महरा पक्राउ परे ।

## जीवित...

अलजजिराका अनुसार सोमबारमात्र १२४ जना प्यालेस्टाइनी कैदीलाई इजरायलले मुक्त गरेको छ । उक्त युद्धमा इजरायलले एक हजार ७०० भन्दा बढी प्यालेस्टाइनीलाई आफ्नो नियन्त्रणमा राखेको थियो ।

बन्धकहरू मुक्त गरेसँग इजरायलमा खुसी छाएको छ । तर विपिनको जीवित नरहेका खबरले नेपाललाई भने स्तब्ध पारेको छ । सुदूरपश्चिम विश्वविद्यालयअन्तर्गत टीकापुर कृषि क्याम्पसका ४९ जना विद्यार्थी २०८० भदौ अन्तिम साता इजरायल गएका थिए । सोही क्रममा गाजामा युद्धमा परी १० नेपालीको ज्यान गएको थियो । २०८० असोज २० गते शनिबारदेखि सम्पर्कविहीन रहेका कञ्चनपुरको भीमदत्त नगरपालिका-३ भाँसीका विपिन जीवितै रहेको आश धेरैको थियो ।

हमास र इजरायलबीच युद्धविराम भएसँगै ४६ जना बन्धकमध्ये २६ जना मृतक र २० जना जीवितको नाम हमासले यसअघि इजरायललाई उपलब्ध गराएको थियो । तर इजरायलले यो सूचीमा विपिनको नाम उल्लेख गरेको थिएन । त्यसैले पनि विपिन पनि जीवितै रहेको भनिएका थियो ।

इजरायल सरकारको 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत गाजा पुगेका विपिन सन् २०२३ अक्टोबर ७ मा हमासको नियन्त्रणमा परेका थिए । सन् २०२३ मा हमासको नेतृत्वमा इजरायलमा भएको अप्रत्यासित आक्रमणपछि जोशीसहित २५१ जनालाई लडाकुहरूले बन्धक बनाएर लगेका थिए । उक्त आक्रमणमा १० नेपालीसहित एक हजार २०० जनाको ज्यान गएको थियो ।

हमासले बन्धक बनाएको एक महिनापछि (सन् २०२३ नोभेम्बर १७) विपिन गाजा क्षेत्रको अल शिफा अस्पतालमा देखिएका थिए । ३३ सेकेण्ड लामो उक्त भिडियोमा अन्तिमपल्ट देखिएका विपिनलाई प्यालेस्टाइनी कट्टरपन्थी समूह हमासको कब्जाबाट रिहाइका लागि नेपाल सरकारका तर्फबाट विभिन्न प्रयास भएको थियो ।

### कसको पालामा के पहल ?

हमासको नियन्त्रणमा परेका विपिनको सकुशल रिहाइका लागि राष्ट्रपति रामचन्द्र पौडेलदेखि तीन प्रधानमन्त्रीले पहल गरे । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वको सरकारमा परराष्ट्रमन्त्री रहेका एनपी साउद १२ अक्टोबर २०२३ मा इजरायलको तेल अभिभ पुगेका थिए ।

मृतकको शव र घाइतेको उद्धार तथा स्वदेश फर्किन चाहने नेपाली नागरिक ल्याउन उनी त्यहाँ पुगेका थिए । त्यतिबेलाका प्रधानमन्त्री दाहालले सन् २०८० मंसिर ९ मा नेपाल भ्रमणमा रहेका कतारका विदेश राज्यमन्त्री सुल्तान बिन साद अल-मुरैखीसँगको भेटमा विपिनको रिहाइका लागि पहल गरिदिन आग्रह गरेका थिए ।

राष्ट्रपति पौडेलले ११ वैशाख २०८१ मा कतारका अमिर शेख तमिम बिन हमाद अल थानीसँगको भेटमा विपिनको रिहाइका लागि आग्रह गरेका थिए । थानी दुई दिने राजकीय भ्रमणमा नेपाल आएका बेला राष्ट्रपति पौडेलले उक्त आग्रह गरेका थिए ।

निवर्तमान परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले पनि विपिनको रिहाइका लागि पहल गरेकी थिइन् । २०८१ पुसमा राणाले हमाससँग मध्यस्थता गरिरहेका कतार र इजिप्ट सरकारलाई विपिनको रिहाइमा सहयोग गरिदिन आग्रह गरेकी थिइन् ।

राणाले १ माघ २०८१ मा कतारका विदेश राज्यमन्त्री डा. मोहम्मद बिन अब्दुलाजिज अल-खुलाइफीसँग टेलिफोनमार्फत हमास समूहको नियन्त्रणमा रहेका विपिनको रिहाइका लागि पहल गरिदिन आग्रह गरेकी थिइन् ।

विपिन रिहाइका लागि निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले गत २८ फागुनमा इजिप्टका राष्ट्रपति अब्देल फत्ताह सइद हुसैन खालिलसँग संवाद गरेका थिए । गत १० भदौमा राष्ट्रपति पौडेलले जोर्डनका राजालाई पत्र पठाउँदै विपिनको रिहाइका लागि पहल गरेका थिए ।

विपिनकी आमा पद्मा र बहिनी पुष्पाले ५ असोजमा अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीसँग पनि भेट गरेका थिए । भेटका क्रममा प्रधानमन्त्री कार्कीसँग विपिनकी आमाले छोराको शीघ्र रिहाइका लागि आवश्यक कूटनीतिक पहल गरिदिन आग्रह गरेकी थिइन् ।

प्रधानमन्त्री कार्कीलाई भेटेको तीन दिनपछि ८ असोजमा विपिनको रिहाइका लागि प्रयास गर्न आमा र बहिनी अमेरिका गएका थिए । विपिनको रिहाइका लागि अन्तर्राष्ट्रिय दबाब सिर्जना गर्ने उनीहरूको उद्देश्य थियो ।

## जेन-जी...

युएईका रोजगारदाताले मागपत्रहरू अन्य मुलुक पठाउन थालेकाले सरकारको कूटनीतिक पहल नै महत्त्वपूर्ण रहने प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका वरिष्ठ उपाध्यक्ष डा. डिकबहादुर खत्री 'कुमार'ले बताए । 'यहाँबाट नहुने भएपछि कतिपय मागपत्रहरूलाई डाइभर्ट गरिसकेको अवस्था छ । हामीले दैनिकरूपमा त्यहाँका रोजगारदातासँग कुरा गर्दा कूटनीतिक पहल नै आवश्यक छ,' उनले भने ।

हाल युएईको काम गर्ने पाँचदेखि ७०० व्यवसायी रहेको जनाइन्छ । युएईको रोजगारी रोकिँदा व्यवसायीहरू त समस्यामा छन् नै जान भनेर प्रक्रिया थालेका करिब १० हजार श्रमिक पनि अन्योलमा रहेको खत्रीले बताए ।

'जान्छु भनेर जसले एप्लाइ गर्‍यो उसले तत्काल पासपोर्ट झिकेर अर्कोतिर पेस गर्छु भन्न सक्ने अवस्था पनि छैन । न भोलि खुलिहाल्छ कि भन्ने अवस्था पनि छ । व्यवसायीको व्यवसायका साथै श्रमिकहरूको समय पनि खेर गइरहेको छ,' वरिष्ठ उपाध्यक्ष खत्रीले भने ।

आफूहरूको विषयलाई सरकारले गम्भीरताका साथ नलिएको उनको आरोप छ । सरकारले नयाँ गन्तव्य मुलुक खोज्ने, युरोपको मागपत्र प्रमाणीकरणलगायतका विषयमा ध्यान दिएको भए यो समस्या नहुने उनको भनाइ छ । सरकारले कि आन्तरिक रोजगारीको पर्याप्तता सिर्जना गर्नुपर्ने कि वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न पर्नेमा उनले जोड दिए ।

## नर्सिङको तलब सरकारीसरह दिन निर्देशन

**काठमाडौं (प्रस)**– स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नर्सिङ तथा स्वास्थ्यकर्मीको न्यूनतम पारिश्रमिक र सेवा सरकारीसरह नघट्नेगरी लागू गर्न आग्रह गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सबै सरकारी अस्पताल, प्रतिष्ठान, मेडिकल कलेज र सामुदायिक तथा निजी अस्पताललाई नर्सिङ एव स्वास्थ्यकर्मीको न्यूनतम पारिश्रमिक र सेवा सुविधा सरकारीसरह नघट्नेगरी लागू गर्न पत्रचार गरिएको जानकारी दिए । मन्त्रालयले यसअघि पनि निर्देशन दिइसकेकाले कतिपय ठाउँमा कार्यान्वयन नभएको गुनासो आएकाले फेरि पनि निर्देशन दिइएको उनले बताए ।

पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा कार्यरत नर्सिङहरूले सरकारले तोकेको न्यूनतम पारिश्रमिक पाउनुपर्ने माग राख्दै अहिले आन्दोलन गरिरहेका छन् । उनका अनुसार तोकिएको समयभन्दा बढी कामका लागि अतिरिक्त भत्ता व्यवस्था गर्न पनि निर्देशन दिइएको छ ।

मन्त्रालयले स्वास्थ्य तथा शैक्षिक संस्थाले करार गरी राख्नुपर्ने, ज्यालादारी कार्य गराउन नपाइने र सक्कली शैक्षिक प्रमाणपत्र कार्यालयमा राख्न नपाइनेसमेत निर्देशन दिएको उनले बताए । यस्तै मन्त्रालयले नर्सिङलगायत अन्य स्वास्थ्यकर्मीको पारिश्रमिक बैंकिङ प्रणालीबाट मात्र उपलब्ध गराउनसमेत आग्रह गरेको छ ।


### जापानमा रोजगार

कम्पनी : Hiyori Business Cooperative Association

पूर्व स्वीकृति मिति : २०८२/०६/२७ | LT. No. 332286 | चलानी नं. ६०२४६०३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bread Baking | 0 | 2 | 189781 | १,७६,८५९ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | निःशुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक ४ गते (21st Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Google Overseas Pvt.Ltd**
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com

श्रम ईजाजत नं. ६३१/०६३/०६४


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७७/०४/१९ मा दर्ता भएको प्रा.लि.नं. २३९५८४ को **सिरा एडभर्टाइजिङ एण्ड सप्लार्यस प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०८/०७ मा दर्ता भएको प्रा.लि.नं. २०२९५८ को **हाईपुट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७९/०४/२२ मा दर्ता भएको प्रा.लि.नं.२९५६७१ को **सुन्दर सपना निर्माण सेवा प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८१/०९/२९ मा दर्ता भएको प्रा.लि.नं. ३५९१३० को **कार्गो वेभ सोलुसन एण्ड लजिष्टिक्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
दावी विरोध सम्बन्धी
**वैदेशिक रोजगार विभागको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री E.U Bright Future Pvt. Ltd. (Prestige H.R. Solution Pvt. Ltd. (ई.प.नं.११७३/०७३/०७४) को साविकको ठेगाना काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०४ परिवर्तन गरी काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. १०,सामाखुसी** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

### गैर बैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/०६/२८ गते मंगलबार**

यस सहकारी संस्थाको नाममा रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गरिने भएको हुँदा खरीद गरी लिन इच्छुक व्यक्ति वा संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थाको प्रधान कार्यालय वटु, न्यूरोड, काठमाडौंमा आई पुग्ने गरी शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । विस्तृत जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिएको छ ।

**तपसिल**

**जग्गाको विवरण:**

१. काठमाडौं जिल्ला का.म.न.पा वडा नं.१० (हाल ३१), कित्ता नं. ४०२, क्षेत्रफल ०-५-०-० को जग्गा र उक्त जग्गामा बनेको घर समेत

Om Surya
Saving & Credit Co-operative Ltd.
ॐ सूर्य बचत तथा ऋण सहकारी संस्था लि.
वटु, न्यूरोड, का.म.न.पा.–२२ काठमाडौं, फोन नं ५३२०२४३

# त्रियुगा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय गाईघाट, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

### नदीजन्य पदार्थ सङ्कलन तथा बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८२/०६/२७ गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ घ. को (६) र दफा ६२ क मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदी तथा खोलाहरूको स्वीकृत घाटहरूबाट त्रियुगा नगरपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन गरी तोकेको दरमा बिक्री गर्ने गरी आ.व.२०८२/०८३ को बाँकी अवधिको लागि ठेक्का बन्दोबस्त गर्न यस नगरपालिकाको मिति २०८२/०६/२४ गतेको निर्णयानुसार ईच्छुक निर्माण सम्बन्धी काम गर्ने फर्म वा कम्पनीहरूले आफ्नो फर्म/कम्पनीको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, नियमानुसार करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक पोर्टल https://www/bolpatra/gov/np/egp मा यस सम्बन्धी राखिएको सूचनामा उल्लेखित शर्तहरू तथा तपसिल बमोजिमको विवरणको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । बोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालय (एए:इ) को वेवसाईट https://www.bolpatra.gov.np.egp. बाट रीत पुर्‍याई बोलपत्र फारम भर्न सकिनेछ ।

**त्रियुगा नगरपालिका क्षेत्रभित्रका खोला तथा नदीहरूवाट उत्खन्न गरिने नदीजन्य पदार्थको विवरण**

| ठे.नं. | ठेक्काको किसिम/विवरण | उठाउन पाउने परिमाण (घन मिटर) | | बिक्री मूल्य (दर रेट प्रति घन मिटर) | न्यूनतम ठेक्का अंक (वार्षिक) मु.अ.कर बाहेक |
|---|---|---|---|---|---|
| TM-UDA-REV-08/2082-083 | बरुवा पुल ५०० मि. उत्तर/साकेला पूर्व/झुलुङ्गे पुल १ कि.मि. तल, बरुवा-त्रियुगा दोभान क्षेत्र (बरुवातर्फ), त्रियुगा-बरुवा-बबिया दोभान पूर्व-त्रियुगा खोलातर्फ, बेहडुवा-मोतियाही जाने बाटो पूर्व, फुलझोर | ढुंगा, गिटी ग्राभेल | २२७०५.५६ | रु. २४६.९६ | रु. १४२७७८५५.२० |
| | | बालुवा | ३५१०८.८९ | | |
| | | भरौट/बलौट | ० | | |
| TM-UDA-REV-09/2082-083 | ३ नं. पुल पश्चिम मोहनपुर क्षेत्र (३ नं. पुल देखि ८६० मि. माथि), पुरानो देउरी बस्ती उत्तर, झोडा जाने बाटो पश्चिम, इट्टाभट्ट दक्षिण (उत्तारार्इटोल), सरस्वती खोला दोभान पश्चिम, त्रियुगा-फर्सेट दोभान क्षेत्र तल माथि त्रियुगा खोलातर्फ, अरुण पुष्प बाटिका पश्चिम/खोला दोभान तल, साकेला खेल मैदान पूर्व-दक्षिण, कृषिफार्म (पोखरी) दक्षिण, शिद्धेश्वर मन्दिर माथि-खजुरी खोला दोभान तल | ढुंगा, गिटी ग्राभेल | १४९०४.६० | रु. २४६.९६ | . १०३६६७४१.५३ |
| | | बालुवा | २४८४०.५६ | | |
| | | भरौट/बलौट | ३९०६.४४ | रु. १४१.१२ | |
| TM-UDA-REV-10/2082-083 | लुहाले (मोथियाही जाने बाटो उत्तर त्रियुगा दोभान सम्म), बबिया (मोतियाही जानेबाटो उत्तर), लालभित्ति (मोतियाही जानेबाटो उत्तर), ठाडी (मोतियाही बाटो उत्तर), कङ खोला (जोगिदह खण्ड १), कङ खोला (जोगिदह खण्ड २) | ढुंगा, गिटी ग्राभेल | २४५.९० | रु २४६.९६ | रु. २६३५१२१.५३ |
| | | बालुवा | २०४०.६५ | | |
| | | भरौट/बलौट | १४६७१.४५ | रु १४१.१२ | |

**शर्तहरू :**

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३०औं दिन कार्यालय समयभित्र बोलपत्र दस्तुर खाता समूह ग-१-१ खाता नं. २०९०१००३०१०१०००४ मा रू.३००० रकम (पछि फिर्ता नहुने गरी) दस्तुर तिरेको नगदी रसिद,निर्माण सम्बन्धी काम गर्ने फर्म/कम्पनी नविकरण भएको दर्ता प्रमाण-पत्र, मू.अ.कर दर्ता प्रमाण-पत्र र आ.व.२०८१/०८२ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरूको प्रतिलिपीहरू संलग्न राखी माथि उल्लेखित दिनमा सार्वजनिक खरिद अनुगमन कार्यालय (एए:इ) को वेवसाईट https://www/bolpatra/gov/np/egp बाट बोलपत्र फारम Download गरी नियमानुसार बोलपत्र फारम भर्न सकिनेछ ।
२. बोलपत्र फारम आफुले कवोल गरेको कुल अंकको ५% धरौटी रकम यस कार्यालयको गाईघाट स्थित रा.वा.बैंक समूह ग-३ धरौटी खाता नं. २०९०१००३०३००००००४ मा जम्मा गरी सो को सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वैकले जारी गरेको कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन ।
३. प्रत्येक प्याकेजको लागि अलग अलग बोलपत्र फारम खरिद गर्नु पर्ने छ र दर्ता गर्दा प्याकेज छुट्टाएर प्रष्ट हुने गरी दर्ता गर्नु पर्नेछ ।
४. खरिद भएका बोलपत्रहरूको प्रत्येक पानामा सहीछाप गरी फर्म वा कम्पनीको नाम र ठेक्काको नाम, नम्बर लेखी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२.०० बजेसम्म विद्युतीय बोलपत्र मार्फत यस कार्यालयमा दर्ता गरी पेश गर्नु पर्नेछ ।
५. दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरू दर्ता गर्न अन्तिम दिनको १.०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहोवरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६. यसमा उल्लेख भएका कुराहरूमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित ऐन, नियम, कानुन र सम्झौताको शर्तमा उल्लेख भए अनुसार हुनेछ ।
७. विस्तृत जानकारीका लागि त्रियुगा नगरपालिका गाईघाट, उदयपुरको Website: www.triyugamum.gov.np वा त्रि.न.पा.को सम्पर्क नं.०३-५४२०१८६ मा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# बन्द रहेको मेलम्चीको पानी काठमाडौं ल्याइयो

■ प्रभाव संवाददाता

**काठमाडौं–** वर्षात्का कारण बन्द रहेको मेलम्चीको खानेपानी काठमाडौं ल्याइएको छ । वर्षायाममा मेलम्ची नदीमा आउने बाढी र पहिरोका कारण खानेपानी आयोजनामा क्षति पुग्ने भन्दै गत वर्षको असार १० गते बन्द गरिएको पानी मर्मतपश्चात् काठमाडौं ल्याइएको हो ।

वर्षात्ले क्षति गरेको केही ठाउँमा मर्मतपश्चात् अहिले पानी संकलन तथा प्रशोधन केन्द्र सुन्दरीजलमा दैनिक १७ करोड लिटरभन्दा बढी पानी आइरहेको मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक जगरनाथ दासले जानकारी दिए ।

उनले भने, 'वर्षात्ले क्षति गरेको ठाउँमा मर्मत गरी र पानीको बहाब कम भएसँगै अहिले हामीले मेलम्चीको पानी काठमाडौं ल्याउन सफल भएका छौं । सुन्दरीजलमा दैनिक १७ करोड लिटरभन्दा बढी पानी आइरहेको छ ।'

काठमाडौं उपत्यकामा दैनिक ४३ करोड लिटर पानीको माग रहेको छ । मेलम्ची खानेपानी बन्द गरिएको बेला विभिन्न स्रोतबाट दैनिक १३ देखि १४ करोड लिटर पानीमात्रै उपत्यकामा आपूर्ति हुने गरेको थियो ।दैनिक १७ करोड लिटरभन्दा बढी मेलम्चीको खानेपानी सुन्दरीजलमा पुगेसँगै काठमाडौं उपत्यकामा उक्त पानी वितरण गर्न सुरु गरिएको काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का कार्यकारी निर्देशक अशोककुमार पौडेलले बताए ।

उनले भने, 'मेलम्चीबाट दैनिक १७ करोड लिटरभन्दा बढी पानी आइपुगेसँगै हामीले पानी वितरण प्रक्रिया सुरु गरेका छौं । विगतमा छ दिनमा एक दिनमात्रै धारामा आउने पानी आजबाट अब तीन/तीन दिनको फरकमा प्रत्येक घरका धारामा पानी आउँछ ।'

२०७८ असार १ गते मेलम्ची खोलामा आएको बाढीपहिरोले आयोजनाको हेडवर्क्स पूर्णरूपले क्षतिग्रस्त भएपछि त्यसयता हिउँदमा मात्र मेलम्चीको पानी उपत्यकामा वितरण हुँदै आएको छ । बाढीका कारण मेलम्चीको मुहान बन्द गरिएपछि रिजर्बमा खोलाबाट दैनिक रूपमा छ देखि सात करोड लिटर पानी स्थान्तरण गरेर काठमाडौंमा वितरण भइरहेको कार्यकारी निर्देशक दासले बताए ।

उनका अनुसार २०७८ चैत १५ गते पूर्ण क्षमताअनुसार दैनिक १७ करोड लिटर काठमाडौं उपत्यकामा पानी वितरण थालिएको हो । सोही वर्षको असार र साउनमा मेलम्ची तथा इन्द्रावतीमा आएको भीषण बाढीले आयोजनामा ठूलो क्षति पुऱ्याएपछि काठमाडौंमा हालसम्म बाह्रैमहिना पानी ल्याउन सकिएको छैन ।

# जलेका कागजात पुनः प्राप्त गर्न अनलाइनबाटै निवेदन

**काठमाडौं (प्रस)–** गत भदौ २३ र २४ गते 'जेन-जी' युवाहरूको आन्दोलनका क्रममा ट्राफिक प्रहरी कार्यालयमा जलेका सवारीसाधनका कागजातको पुनः प्राप्तिका लागि निवेदन दिन सेवाग्राहीले प्रहरी कार्यालय धाउनु नपर्ने भएको छ ।

जलेका कागजातको पुनः प्राप्तिका लागि अनलाइन प्रणालीमार्फत सेवा लिन सकिने जनाइएको छ । आगजनीका कारण ट्राफिक कार्यालयमा रहेका सवारीसाधनका कागजात, सवारीचालक अनुमतिपत्र, दर्ता किताब, जरिवाना विवरणलगायतका महत्त्वपूर्ण सरकारी कागजात जलेर नष्ट भएका थिए ।

काठमाडौं उपत्यका ट्राफिक कार्यालयको वेबसाइटमा 'कागजात हराएमा'मा क्लिक गरी फाराम भर्न सकिने उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए ।

निवेदन सबमिट भएपछि आवेदन नम्बर आउँछ । पछि चेक एप्लिकेसनमा उक्त नम्बर राख्दा 'क्युआर' कोडसहितको सिफारिसपत्र सेवाग्राहीले प्राप्त गर्छन् । उनले भने, 'क्युआर कोडको सिफारिसपत्रसहित सम्बन्धित यातायात कार्यालयमा सेवाग्राहीले जानुपर्ने हुन्छ । यसबाट सेवाग्राहीको समयको बचत हुनुको साथै ट्राफिक प्रहरी कार्यालयमा कामको चाप कम हुन जान्छ ।'

साथै कुनै व्यक्तिको कागजात जलेको छ र ट्राफिक प्रहरीले पहिले नै काटेको २४ घण्टे पुर्जी वा सिफारिसपत्रका आधारमा हाललाई सवारीसाधन सञ्चालन गर्न सकिने प्रवक्ता सुवेदीले बताए ।

उनले भने, 'सवारीचालक अनुमतिपत्र नभए पनि, यदि ट्राफिक प्रहरीले पहिले काटेको २४ घण्टे पुर्जी वा कुनै प्रमाण रहेको छ भने सोहीलाई आधार मानेर सवारी चलाउन दिइने छ ।'


## बहराइनमा रोजगार

कम्पनी : MANASALU MANAGEMENT OF REAL ESTATE

पूर्व स्वीकृति मिति : २०८०/११/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/२७ | LT. No. 301000 | चलानी नं. ६०२१५९७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountants | 1 | 1 | 150 | ५६,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Beautician | 0 | 4 | 150 | ५६,२१० | | | | | | | |
| 3 | Cleaner | 40 | 0 | 120 | ४४,९७० | | | | | | | |
| 4 | Data Entries | 2 | 0 | 150 | ५६,२१० | | | | | | | |
| 5 | Receptionist | 0 | 1 | 130 | ४८,७१५ | | | | | | | |
| 6 | Sales Men | 4 | 4 | 130 | ४८,७१५ | | | | | | | |

कम्पनी : MANASALU MANAGEMENT OF REAL ESTATE

पूर्व स्वीकृति मिति : २०८१/०८/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/२७ | LT. No. 315167 | चलानी नं. ६०२२९६२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountants | 1 | 1 | 150 | ५६,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Beautician | 0 | 10 | 150 | ५६,२१० | | | | | | | |
| 3 | Cleaner | 0 | 20 | 120 | ४४,९७० | | | | | | | |
| 4 | Data Entries | 5 | 0 | 150 | ५६,२१० | | | | | | | |
| 5 | Receptionist | 0 | 1 | 130 | ४८,७१५ | | | | | | | |
| 6 | Sales Men | 5 | 5 | 130 | ४८,७१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ४ गते (21st Oct . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN) Govt. License No. 1440/074/75

Basundhara-03,Kathmandu, Nepal, Tel: 015906717

E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com


## लम्कीचुहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**भल्का, कैलाली**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०६/२८ गते)**

प्रस्तुत विषयमा यस लम्कीचुहा नगरपालिकाको कार्यालयका लागि निम्नानुसारका कर्मचारीहरु आवश्यक परेको हुँदा तोकिए बमोजिम पदहरूमा सेवा करार मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमका योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र माग बमोजिमको विवरण र राजश्व तिरेको सक्कल रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्न हुन अनुरोध छ ।

| क्र. स. | विज्ञापन नं. | पद | संख्या | तह |
|---|---|---|---|---|
| १ | १।२०८२।०८३ | मनोसामाजिक परामर्शकर्ता | १ | स्थानीय तहको पाँचौ तह वा सो सरह |
| २ | २।२०८२।०८३ | सहायक कम्प्युटर अपरेटर | १ | स्थानीय तहको चौथो तह वा सो सरह |
| ३ | ३।२०८२।०८३ | अ.न.मि | २ | स्थानीय तहको चौथो तह वा सो सरह |
| ४ | ४।२०८२।०८३ | ल्याब असिस्टेन्ट | १ | स्थानीय तहको स्वास्थ्य सेवा तर्फको चौथो तह वा सो सरह |
| ५ | ५।२०८२।०८३ | ट्याक्टर चालक | ३ | श्रेणीविहिन वा सो सरह |
| ६ | ६।२०८२।०८३ | ग्रेडर चालक | १ | श्रेणीविहिन वा सो सरह |
| ७ | ७।२०८२।०८३ | Back Hoe Loader चालक | १ | श्रेणीविहिन वा सो सरह |

**तपसिलः-**

**१.** आवश्यक न्यूनतम योग्यता र अनुभव

**क. मनोसामाजिक परामर्शकर्ता :**

- मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ र नर्सिङ मनोविज्ञान र समाजशास्त्र र सोसियल वर्क र स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उतीर्ण गरेको ।
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिइनेछ

**ख. सहायक कम्प्युटर अपरेटर**ः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर अपरेटर विषय लिई प्रवेशिका वा सो सरह उतीर्ण गरेको वा प्रवेशिका परिक्षा वा सो सरह उतीर्ण गरि रजिष्टर्ड संस्थाबाट कम्तीमा ३ महिनाको आधारभुत कम्प्युटर तालिम प्राप्त गरेको

**ग. अ.न.मि.** : मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उतीर्ण गरेको ।

**घ. ल्याब असिस्टेन्ट** : मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याब असिस्टेन्ट कोर्ष उतीर्ण गरेको ।

**ङ. ट्याक्टर चालक**ः साधारण लेखपढ गर्न जान्ने र नेपाल सरकारद्वारा ट्याक्टर चालक (E Category) को चालक अनुमति प्राप्त भएको)

**च. ग्रेडर चालक**ः साधारण लेखपढ गर्न जान्ने र नेपाल सरकारद्वारा ग्रेडर चालक (J3 Category) को चालक अनुमति प्राप्त भएको)

छ. Back Hoe Loader **चालक**ः साधारण लेखपढ गर्न जान्ने र नेपाल सरकारद्वारा Back Hoe Loader (J2 Category) को चालक अनुमति प्राप्त भएको)

**२.** उमेर हद : मनोसामाजिक परामर्शकर्ता पदका लागि २१ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको अन्यको हकमा १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको ।

**३.** दरखास्त दिने स्थान : लम्कीचुहा नगरपालिकाको कार्यालय, भल्का कैलाली ।

**४.** दरखास्त दिने अन्तिम मितिः २०८२।०७।११ गते सम्म कार्यालय समयभित्र ।

**५.** दरखास्त दस्तुरः सहायक पाँचौ तहका लागि रू ७००/- सहायक चौथो तह तहका लागि रू ४००/- श्रेणीविहिन वा सो सरहका लागि रू ३००/-

**६.** छनोटको किसिमः

- मनोसामाजिक परामर्शकर्ता, सहायक कम्प्युटर अपरेटर, अ.न.मि. ल्याब असिस्टेन्ट, पदकालागि प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन, लिखित परिक्षा र अन्तर्वार्ता
- ट्याक्टर चालक, ग्रेडर चालक, Backhoe Loader चालक पदका लागिः प्रयोगात्मक परिक्षा र अन्तरवार्ता ।

**७.** आवेदन साथ संलग्न कागजातहरुः आवेदक स्वमंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरूको प्रतिलिपि

- नेपाली नागरिकताको प्रमाण पत्र
- न्यूनतम शैक्षिक योग्यताको लब्धाक प्रमाण पत्र र चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने आवश्यक कागजातहरु
- ३ प्रति पासपोर्ट साईजको फोटो
- अन्य काउन्सिल दर्ता प्रमाणपत्र वा अनुमति पत्र आवश्यक पर्ने भएमा सोही बमोजिमका प्रमाणपत्र

**८.** सेवा सुविधाः प्रचलित कानून र नगर कार्यपालिकाले तोके बमोजिम

**९.** सम्पादन गर्नु पर्ने कार्य विवरणः प्रचलित कानूनले तोके बमोजिम

**१०.** आवेदन पाईने स्थानः लम्कीचुहा नगरपालिकाको कार्यालय भल्का, कैलाली ।

**(नोटः परीक्षा मिति पछी तोकिनेछ) ।**

**प्रमुख प्रशासकीय अधिकृत**

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल असोज महिना २८ गते मंगलबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरु बाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : ड्राइभरटोल शाखा**

| ऋणीको विवरण |
|---|
| पेउ नारायण पाण्डेको नाति देवि प्रसाद पाण्डेको छोरा गुल्मी जिल्ला अश्लेवा वडा नं. ३, हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ५ बस्ने **प्रकाश पाण्डे** (ना.प्र.नं. : ४११०२७/८९३२५ जारी मिति र जिल्ला : २०६७/०४/३१, गुल्मी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) पेउ नारायण पाण्डेको बुहारी देवी प्रसाद पाण्डेको पत्नी गुल्मी जिल्ला सत्यवती गा.पा वडा नं. १, हाल रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ५ बस्ने **लक्ष्मी पाण्डे** (ना.प्र.नं. : १६५५६ जारी मिति र जिल्ला : २०४५/०२/०२ , गुल्मी) |
| २) हिरामणी भण्डारीको नाति बालाकृष्ण भण्डारीको छोरा गुल्मी जिल्ला चन्द्रकोट गा.पा वडा नं. ७ हाल, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. १ बस्ने **हिरामणी भण्डारी** (ना.प्र.नं. : ४१-०१-७१-०४६३२ जारी मिति र जिल्ला : २०७१/०७/१७, गुल्मी ) |

**२) शाखा कार्यालय : बिराटनगर शाखा**

| ऋणीको विवरण |
|---|
| राम खेलावन साहको बुहारी उमेश साहको पत्नी मोरङ्ग जिल्ला बिराटनगर उ.म.न.पा. वडा नं. ११ हाल, बिराटनगर म.न.पा. वडा नं. ९ बस्ने **गुरीया साह** (ना.प्र.नं. : १८१४४ जारी मिति र जिल्ला : २०६९/११/१४, मोरङ्ग,) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) मन्नु साहको नाति राम खेलावन साहको छोरा मोरङ्ग जिल्ला बिराटनगर वडा नं. ११ हाल, बिराटनगर म.न.पा. वडा नं. ९ बस्ने **उमेश साह** (ना.प्र.नं. : १०३३९ जारी मिति र जिल्ला : २०६५/१०/२४, मोरङ्ग) |
| २) राम लखन वर्माको नाति जय प्रकाश वर्माको छोरा मोरङ्ग जिल्ला बिराटनगर वडा नं. १२ हाल, बिराटनगर म.न.पा. वडा नं. ११ बस्ने **राजेश वर्मा** (ना.प्र.नं. : ०५३०७७/४७२ जारी मिति र जिल्ला : २०६३/१०/१५, मोरङ्ग) |

**३) शाखा कार्यालय : भैरहवा शाखा**

| ऋणीको विवरण |
|---|
| हर्क बहादुर श्रेष्ठको बुहारी रवि श्रेष्ठको पत्नी रुपन्देही जिल्ला सिद्धार्थनगर वडा नं. ४ हाल, सिद्धार्थनगर न.पा. वडा नं. ४ बस्ने **सुश्री मनी गुरुङ्ग** (ना.प्र.नं. : ७८८४ जारी मिति र जिल्ला : २०५४/११/२०, रुपन्देही) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| नर बहादुर श्रेष्ठको नाति हर्क बहादुर श्रेष्ठको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर वडा नं. ४ हाल, सिद्धार्थनगर न.पा. वडा नं. ४ बस्ने **रवि श्रेष्ठ** (ना.प्र.नं. : १९५२६ जारी मिति र जिल्ला : २०४७/०३/२६, रुपन्देही) |

**४) शाखा कार्यालय : भैरहवा शाखा**

| ऋणीको विवरण |
|---|
| मो.मुस्तकीम साइको छोरी अब्दुल खालिक साईको बुहारी हसना राज साईको पत्नी रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ३ हाल, सिद्धार्थनगर न.पा. वडा नं. ३ बस्ने **सुश्री समिमा खातुन** (ना.प्र.नं. : ३७१०२३/३३२२८ जारी मिति र जिल्ला : २०६३/११/११, रुपन्देही ) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| नविउल्लाह साइको नाति मो.मुस्तकीम साइको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा.वडा नं.३, हाल, सिद्धार्थनगर न.पा. वडा नं. ३ बस्ने **मुन्ना साई** (ना.प्र.नं. : ३७१०२३/३३२२७ जारी मिति र जिल्ला : २०६३/११/११, रुपन्देही) |

**५) शाखा कार्यालय : भैरहवा शाखा**

| ऋणीको विवरण |
|---|
| गुलाम मो.अन्सारीको नाति नवी उल्लाह अन्सारीको छोरा रुपन्देही जिल्ला बसन्तपुर वडा नं. १ हाल, ओमसतिय गा.पा वडा नं. १ बस्ने **मक्बुल अन्सारी** (ना.प्र.नं. : ३७१०२१/२/३७४७७ जारी मिति र जिल्ला : २०६५/०९/०८, रुपन्देही) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) टलमन निसाद अन्सारीको बुहारी नविउल्लाह मुसलमान अन्सारीको पत्नी रुपन्देही जिल्ला बसन्तपुर वडा नं. १ हाल, ओमसतिय गा.पा वडा नं. १ बस्ने **तालमुन निसा अन्सारी** (ना.प्र.नं. : १४२६ जारी मिति र जिल्ला २०४६/०१/०८, रुपन्देही) |
| २) दुखाई यादवको नाति जनारदन यादवको छोरा रुपन्देही जिल्ला बसन्तपुर वडा नं. १, हाल, ओमसतिय गा.पा. वडा नं. १ बस्ने **जितेन्द्र यादव** (ना.प्र.नं. : ३७१०२१/३९१८८ जारी मिति र जिल्ला : २०६६/०४/१४, रुपन्देही) |

**६) शाखा कार्यालय : हेटौंडा शाखा**

| ऋणीको विवरण |
|---|
| सत्य नारायण प्रसाद दासको बुहारी सन्तोष प्रसाद दासको पत्नी बारा जिल्ला अमलेखगंज वडा नं. ३ हाल, मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ११ बस्ने **चुनु श्रेष्ठ** (ना.प्र.नं. : १९९०६ जारी मिति र जिल्ला : २०६२/११/०४, बारा) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| खुवालाल दासको नाति सत्यनारायण प्रसाद दासको छोरा बारा जिल्ला कलैया न.पा. वडा नं. ६ हाल, मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. ११ बस्ने **सन्तोष प्रसाद दास** (ना.प्र.नं. : ३३१०५५/३७६२२ जारी मिति र जिल्ला : २०७०/०२/२१, बारा) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## त्रिविको जग्गा खोजबिन समितिको प्रतिवेदन कार्यान्वयन गर

**मुलुकको सबैभन्दा ठूलो र जेठो विद्यालय, त्रिभुवन विश्वविद्यालय। सरकार जिम्मेवार हुन्थ्यो भने यो विश्वविद्यालय पनि विश्वका विभिन्न विश्वविद्यालय जस्तै गर्व गर्नलायक बन्ने थियो। दुर्भाग्य, राज्यसत्तामा पुगेकाहरूले यसतर्फ ध्यानै दिएनन्। विश्वविद्यालयको सुधार त नारामै सीमित रहे नै, भएका जग्गा र अचल सम्पत्तिको संरक्षणमा पूरै बेवास्ता गरे। जसकारण त्रिभुवन विश्वविद्यालय (त्रिवि)को जग्गा र अचल सम्पत्तिको चरम दोहन हुन पुग्यो। विभिन्न संघसंस्था, सरकारकै निकाय तथा व्यक्तिगत रूपमा पनि यस विश्वविद्यालयको देशभर रहेका जग्गा अतिक्रमणमा परेको प्रतिवेदन सार्वजनिक भएको छ।**

**त्रिविको जग्गा तथा अचल सम्पत्तिको चरम हिनामिना र अतिक्रमण भएको खुलासा 'त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१'ले गरेको हो। त्रिविको सम्पत्ति व्यवस्थापनमा सम्बद्ध सबै सरकारी पक्षको गम्भीर कमजोरी प्रतिवेदनले औंल्याएको छ। आइतबार सार्वजनिक प्रतिवेदनमा सरकारको कमजोरीमा विभिन्न व्यक्तिदेखि धार्मिक तथा शैक्षिक संस्थाले त्रिविको जग्गामा रजाइँ गरेको उल्लेख छ।**

**देशभरका त्रिविका क्याम्पसहरू र विशेषगरी कीर्तिपुर परिसरभित्र तथा बाहिरका जग्गाहरूको अवस्था अत्यन्तै कमजोर देखिएको छ। कृषि बागवानी केन्द्र, लेबोरेटोरी मावि, राधास्वामी सत्संग व्यास नेपाललगायत संघसंस्था तथा व्यक्तिद्वारा कीर्तिपुरस्थित त्रिवि विश्वविद्यालय क्याम्पसको जग्गामा रजाइँ गरिरहेको प्रतिवेदनले औंल्याएको छ। त्रिविको देशभरका दुई हजार रोपनीभन्दा बढी जग्गा हिनामिना भएको प्रतिवेदनमा किटान गरिएको छ।**

**यो प्रतिवेदनलाई केपी शर्मा ओली नेतृत्वको निवर्तमान सरकारले गुपचुप राखेको थियो। निवर्तमान प्रधानमन्त्री ओलीले प्रतिवेदन सार्वजनिक गर्न चाहेनन्। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री छँदा पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा त्रिविको जग्गा खोजबिन कार्यदल गठन भएको थियो। त्रिताल अस्वस्थ भएपछि पूर्वसहसचिव महेन्द्र थापाले खोजबिन कार्यदलको नेतृत्व गरेका थिए। थापा कार्यदलको प्रतिवेदन ओलीले लामो समय लुकाए पनि आइतबार सुशीला कार्की नेतृत्वको सरकारले सार्वजनिक गरेको हो।**

**समितिले त्रिविको अतिक्रमित जग्गा तत्काल फिर्ता गराउन आवश्यक निर्णय लिन सरकारलाई सुझाव दिएको छ। अतिक्रमणजस्ता अवैध कार्यमा संलग्न व्यक्ति तथा निकायमाथि कारबाही गर्न समितिको सुझाव छ। त्यसअघि अख्तियार दुरूपयोग अनुसन्धान आयोग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)मार्फत छानबिन गर्नुपर्ने भनिएको छ। त्रिविलाई बलियो स्वायत्त संस्थाको रूपमा स्थापित गर्न नीतिगत तथा कानुनी सुधार गर्नुपर्ने प्रतिवेदनमार्फत समितिले सुझाएको छ।**

**लामो प्रतीक्षापछि अन्ततः त्रिविको सम्पत्तिमाथि भएको दोहनको खुलासा भएको छ। पूर्ववर्ती सरकारले लुकाएको यो प्रतिवेदन सार्वजनिक हुनु स्वागतयोग्य कदम हो, तर प्रतिवेदनका सुझावहरू कार्यान्वयन नगरेसम्म यो अर्थहीन रहने छ। राज्यको लापारवाही र चरम राजनीतिकरणको सिकार बनेको त्रिविलाई उठाउन यो प्रतिवेदन कार्यान्वयन जरुरी छ। त्यसैले प्रतिवेदन कार्यान्वयनतर्फ सरकारले तत्काल कदम चालोस्।**

# पुनर्जागरण समयको सदुपयोग



डा. दीपेन्द्र रोकाया

> जेन-जी आन्दोलन दुई दिन चल्यो। यो अग्रगामी कदम हो। अन्तरिम सरकारले यसमा अलमल देखायो भने फेरि खराब अवस्था आउन सक्छ। विश्वभरका घटनाक्रमले यो समयमा युवाहरूले हौसिने होइन, धैर्यताका साथ पार लगाउने विषयमा सोच्नुपर्छ। राजनीतिक दलहरूले विगतको गल्ती स्वीकार गरेनन्, युवालाई नेतृत्वमा आउने आधार बनाएनन्, पारदर्शिता र जवाफदेहिताको नयाँ युग सुरु गर्न सकेनन् भने समयले किनारा लगाउने छ।

सामाजिक परिवर्तन कहिल्यै आकस्मिक हुँदैन। ती युगौंसम्म थुप्रिएका असन्तोषका गर्भबाट फुट्छन्, चेतनाअनुसार अभिव्यक्त हुन्छन् र अन्ततः संस्थागत रूपान्तरणतर्फ डोरिन्छन्। नेपाली समाजले भोगेको पछिल्लो जेन-जी आन्दोलन यस्तै एउटा ऐतिहासिक मोड हो, जसले केवल सरकार वा दलहरूको कार्यशैलीमाथि प्रश्न उठाएको मात्र छैन, सिंगो शासन प्रणाली र राजनीतिक संस्कारको पुनर्विचारको माग गरेको छ।

नेपालको राजनीतिक इतिहासमा फेरि युवाहरू स्वतःस्फूर्त रूपमा सडकमा उत्रिए। यो आन्दोलन न कुनै दलको निर्देशनमा भयो, न कुनै नेताको आह्वानमा। तर यसले देशको राजनीतिक, प्रशासनिक, आर्थिक र सामाजिक संरचनामै गहिरो धक्का दियो। यसले प्रणालीगत सुधारका लागि मार्गप्रशस्त गरेको छ। जेन-जी आन्दोलनको जरा गहिरो छ। नेपाली जनतासँग संवैधानिक संरचनामाथि असन्तोष थियो, जसले 'लोकतन्त्र' भनिए पनि जनताको अपेक्षा, सम्मान र सहभागितालाई निरन्तर उपेक्षा गर्दै आएको थियो। त्यहीबेला अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्ध लाग्यो। प्रशासनिक भ्रष्टाचार र नातावाद मौलाएकै थियो। सत्ताधारीको अहंकारपूर्ण व्यवहार चरम चुलीमा पुगेको थियो। संसदीय अनुत्तरदायित्व व्यवहारबाट जनताले दिक्क मानेका थिए। न्यायालय पहुँचवाला र धनवालाको थियो। यी सबै गतिविधिले समाजमा एक गहिरो असन्तोष बढाएको थियो, जुन जेन-जी आन्दोलनको रूपमा विष्फोट भयो।

यस आन्दोलनमा नाम जेन-जीको भए पनि अरु उमेर समूहको पनि सहानुभूति र सहभागिता रहेको थियो। त्यसबेला भएको घुसपैठले नेपालले ठूलै मूल्य चुकाएको छ। ७४ जना होनहार युवाको ज्यान गयो, सयौं घाइते भए। संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, प्रदेश मन्त्रालयहरू, करिब ३०० स्थानीय तहका कार्यालय, प्रमुख दलका कार्यालय, प्रमुख दलका शीर्ष नेताहरूको निवास, ४८६ भन्दा बढी प्रहरी एकाइका साथै होटल तथा व्यापारिक केन्द्रहरूमा आक्रमण र आगजनी भयो। यसबाट करिब एक खर्बभन्दा बढी आर्थिक क्षति भएको अनुमान गरिएको छ। १० हजारभन्दा बढी श्रमिक प्रभावित भएका छन्। महत्त्वपूर्ण अभिलेख र प्रशासनिक कागजात नष्ट भएका छन्। यसबाट गर्दा विश्व बैंकले देशको आर्थिक वृद्धिदर ५.२ प्रतिशतबाट २.१ प्रतिशतमा घट्ने अनुमान गरेको छ।

जेन-जी आन्दोलनले राजनीतिक जवाफदेहिता र संस्थागत पुनर्संरचनाको आवश्यकता उजागर गरेको छ। जुन मूल्यमा चेतनाको पुनर्जन्म हुन्छ, त्यो समाजका लागि दीर्घकालीन लाभ हुन्छ। यस्ता आन्दोलनहरू इतिहासका पानामा प्रशस्त भेटिन्छन्। बेलायतको गौरवमय क्रान्ति, फ्रेञ्च क्रान्ति, अरब वसन्तदेखि ट्युनिसियामा देखिएको विद्रोहसम्मको अनुभवले ती सबै विकृत संस्थाविरुद्ध जनविद्रोह भएको थियो। ट्युनिसिया, श्रीलंका, बंगलादेशजस्ता मुलुकमा यस्ता विद्रोहपछि नयाँ चुनाव र पुनर्संरचनाका काम भएका छन्। नेपालमा पनि यो आदोलनले केही गहिरा सामाजिक र राजनीतिक संकेतहरू दिएको छ। राजनीतिमा युवाको चासो बढेको छ। सत्ताको अकर्मण्यताको प्रतिवाद जेन-जी पुस्ताले गरेको छ। नेताहरूको वास्तविक अनुहार जनतामाझ स्पस्ट भएको छ। कार्यकारी प्रमुख चयनको बहस जीवन्त बनेको छ। नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको विषयमा सार्वजनिक विमर्श हुन थालेको छ। यी सबै संकेतहरूले नेपाल गम्भीर मोडमा उभिएको छ।

जेन-जी आन्दोलन संसद् विघटन गर्ने, अन्तरिम सरकार गठन गर्ने र फागुन २१ गते निर्वाचन गर्ने भनेर भएको होइन। यहाँ त संरचनागत, प्रक्रियागत र नैतिक पुनर्निर्माणको आधार निर्माण गर्न भएको हो। संविधान संशोधन र त्यसकै आधारमा चुनाव भएको भए एकोहोरो पर्दथ्यो। संविधान संशोधन नगरी चुनावमा जानु भनेको अर्को अस्थिरताको स्वागत गरेजसो पनि हुनेवाला छ। यसैले शासकीय स्वरूप र निर्वाचन प्रणालीमा सुधार गर्नुपर्छ। यो अहिलेको बहसको मूल विषय बन्नुपर्दछ।

प्रशासनिक पुनर्संरचना गर्नै पर्ने छ। यो बीचमा अस्थिरता ल्याउने मुख्य काम सिंहदरबारबाट प्रशासनिक संघीयताको काम नहुनाले भएको थियो। अहिले सिंहदरबारभित्र नेताहरूले भोगेको अवस्था प्रशासनिक नेतृत्वले भोग्न सक्ने अनुमान कर्मचारीहरूले नै गर्न थालेको देखिन्छ। यसैले आन्दोलनका क्रममा भएको निरंकुश बर्बरताको न्यायिक छानबिन र कारवाही हुनैपर्छ। अभिलेखीय पुनर्स्थापना गर्नैपर्छ। वास्तविक समावेशिता र युवा पुस्तासँग संवादको थालनी छिटो गर्नुपर्छ। सूचना प्रवाहमा पारदर्शिता अपनाउनुपर्छ। दलहरूमा आन्तरिक शुद्धीकरण हुनैपर्छ। यहाँ मुख्य सवाल प्रतिनिधित्वको होइन, नेतृत्वमा युवा पुग्ने बाटो खोल्नुपर्छ।

आन्दोलनको जगमा बनेको अन्तरिम सरकारले निर्वाचनको घोषणा गरिसकेको छ। अधिकांश दलहरू चुनावमा जान तयार छन्। राजनीतिलाई सही दिशामा लैजान पनि सबै राजनीतिक दलहरू निर्वाचनमा जानैपर्छ। विगतमा आफ्ना शासकीय कमजोरीहरूलाई समीक्षा गर्दै जनतामा जानुको विकल्प छैन। नेतृत्व पुस्तान्तरणको कुरा त्यतिकै उठेको होइन। औसत आयुभन्दा माथिका सक्रिय नेतृत्वको सीमा तोकिनुपर्छ। समाजलाई गतिशील बनाउने हो भने युवालाई केवल कार्यकर्ता होइन, निर्णयकर्ता नै बनाउनुपर्छ।

संरचनागत लोकतन्त्रको कार्यान्वयन हुनपर्छ। दलभित्र सबै पदमा स्वच्छ प्रतिस्पर्धाबाट निर्वाचित हुने व्यवस्था हुनपर्छ। आन्तरिक लोकतन्त्र बलियो भयो भनेमात्र राजनीतिक संस्कार बस्न सक्छ। आलोचना स्वीकार गर्न सक्नुपर्छ। हामीले देख्ने नेतृत्व नीतिगत स्पष्टता, २१औं शताब्दीका मुद्दा पहिचान गर्ने र त्यसको सम्बोधन गर्नसक्ने हुनुपर्छ। डिजिटल प्रविधि, पर्यावरण, मातृवर्ग र श्रमजीवी नागरिकको विषयमा स्पस्ट हुनपर्छ। सबैखाले भ्रष्टाचारविरुद्ध निरन्तर लागिरहने संस्कृति बनाउन सक्नुपर्छ। युवाहरूको मागसँग संवाद गरिरहनु पर्छ। आन्तरिक लेखापरीक्षण र पारदर्शिता हुनैपर्छ। आर्थिक पारदर्शिता, स्वतन्त्र मूल्यांकन गर्ने पद्दति बसाल्नुपर्छ। राजनीतिक पार्टीहरूले आत्मसमीक्षा गरी आफ्नो तर्फबाट भएको गल्ती कमजोरीलाई स्वीकार गर्नुपर्छ।

अहिले निर्वाचन कार्यतालिका सार्वजनिक भइसकेको छ। यही अवस्थामा हेर्दा संविधान संशोधनका मुख्य विषयवस्तु लिएर चुनावमा जानुपर्ने देखिन्छ। राष्ट्रियसभा साँच्चिकैको विज्ञ सभा बनाउने, प्रतिनिधिसभाको संख्या जनसंख्याको भन्दा पनि भूगोलमा आधारित हुने गरी संशोधन गर्नुपर्ने देखिन्छ। राष्ट्रियसभा, प्रतिनिधिसभा र प्रदेशसभा सदस्यले कानुन बनाउनेमा क्रियाशील हुनुपर्दछ। प्रत्यक्ष जननिर्वाचित कार्यकारी प्रमुख (राष्ट्रपति वा प्रधानमन्त्री) र मुख्यमन्त्री भयो भने राजनीतिक अस्थिरताको अन्त्य हुनसक्छ। उनीहरूको नेतृत्वमा विषय विज्ञहरू सम्मिलित सरकार सञ्चालन गर्दा बढी प्रभावकारी देखिने छ।

यतिबेला केहीले प्रदेश र संघीयता खारेज हुनुपर्दछ भनिरहेका छन्। संघीयताको मुटु प्रदेश हो। संघीयता सबलीकरणसम्बन्धी एक अध्ययनले बितेका ३० वर्षमा नभएका कामहरू संघीयता आएपछिको सात वर्षमा भएको देखिएको छ। बरु प्रदेशसभा सदस्यको संख्या घटाउने वा सोही प्रदेशका स्थानीय तहका प्रमुख र उपप्रमुखलाई पार्षद् बनाएर हिउँदे अधिवेशन (नीति तथा कार्यक्रम र बजेट अधिवेशन) र वर्षे अधिवेशन (विधायन अधिवेशन) गर्ने पद्धति बसाल्न सकिन्छ। स्थानीय तहको संख्या घटाएर ३०० सम्म झार्दा हुन्छ। यसमा वडाको संख्या भने बढाउनुपर्ने हुन्छ।

जेन-जी आन्दोलन दुई दिन चल्यो। यो अग्रगामी कदम हो। अन्तरिम सरकारले यसमा अलमल देखायो भने फेरि खराब अवस्था आउन सक्छ। विश्वभरका घटनाक्रमले यो समयमा युवाहरूले हौसिने होइन, धैर्यताका साथ पार लगाउने विषयमा सोच्नुपर्छ। राजनीतिक दलहरूले विगतको गल्ती स्वीकार गरेनन्, युवालाई नेतृत्वमा आउने आधार बनाएनन्, पारदर्शिता र जवाफदेहिताको नयाँ युग सुरु गर्न सकेनन् भने समयले किनारा लगाउने छ। राजनीति केवल शासन गर्ने साधनमात्र होइन, विश्वास निर्माण गर्ने, प्रणाली सुधार गर्ने र नागरिक चेतनालाई सम्मान गर्ने माध्यम हो। यसैले अबको निर्वाचन सरकार बनाउने प्रक्रियामात्र होइन, राज्य निर्माणको दिशासमेत हो। यो समयलाई प्रतिगामी सोच मौलाउने र यथास्थितिमा अल्मलिन दिनुहुँदैन।

यसैले बौद्धिक वर्ग, नागरिक समाज, मिडिया र युवाहरूको सक्रिय भूमिका आवश्यक छ। यो समय परिवर्तन र रूपान्तरणको हो। नेपालको इतिहास फेरि एकपटक सम्भावनाको मोडमा उभिएको छ। यो मोड पार गर्नसक्ने क्षमताको विकास राजनीतिक दल, नागरिक समाज र प्रशासनिक संरचनाहरूको सामूहिक आत्मसमीक्षा र प्रतिबद्धतामा निर्भर गर्दछ। यसैले आगामी निर्वाचनमा देशलाई समाजवादमा लाने राम्रा उम्मेदवारको छनोटमा जोड दिनुपर्छ।

पैसाको भरमा चुनाव लड्ने र जितेपछि लुट्ने सपना देख्ने प्रवृत्तिको अन्त्य गराउने वातावरण बनाउनुपर्छ। यसका लागि निर्वाचन आयोगले चुनावीसभाहरूको आयोजना गरी देश र जनताको पक्षमा काम गर्ने उम्मेदवारलाई एउटै मञ्चमा प्रश्नोत्तर गरेर जनताले चिन्न पाउने अवस्था निर्माण गर्नु उपयुक्त हुन्छ। स्मरण रहोस्, यो लोकतान्त्रिक पुनर्जागरणको समय हो। यसको सही व्यवस्थापन अन्तरिम सरकारबाट हुनुपर्छ। *रासस*

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

#### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन्। आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो। कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ। फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ।

#### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न। स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ।

#### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ। काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ। कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ। याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ।

#### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ। उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन। अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ। याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ।

#### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ। स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ। यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ।




बैकुण्ठ भण्डारी



# ब्वाँसोको कन्तविजोग !

एउटा जंगल जहाँ सिंह, हात्ती, बाघ, ब्वाँसो, बिरालो, काग, हरिण सर्पलगायत बस्दथे। ती सबै जंगलमा बस्ने भएकाले आ-आफ्नै जीविकाका लागि संघर्ष गरिरहेका थिए। जंगल बस्ने ती जनावरहरूमध्ये सिंहले सबैलाई हुँकार गर्थ्यो। उसको हुँकारले जंगलका सबै जीवजन्तु त्रसित हुन्थे अनि उसको छायाँ पर्नासाथ सब डराएर भाग्थे। सिंह र बाघ बेलाबेलामा एकअर्कामा झम्टिराख्थे ङार्र... ङुर्र... गरिरहन्थे। तर केही समयदेखि सिंह र बाघ एकअर्कामा यति मिल्न थाले कि, यी दुई जस्तुले आफ्ना सारा शक्ति मिलाएर जंगलका सारा जीवजन्तुलाई तर्साउँदै वर्षौं राज गर्न खोजिरहेको ब्वाँसोले चाल पायो।

एक दिन ब्वाँसोले सिंहको विपक्षमा भएका सबैलाई बैठक डाक्यो। ब्वाँसोले डाकेको बैठकमा सबै जीवजन्तु भेला भए। ब्वाँसोले बैठकमा एजेण्डा प्रस्तुत गर्‍यो। उसले पेस गरेको एजेण्डामा सबैले सहमत जनाए। ब्वाँसोको एजेण्डा थियो आफूहरू बसेको नजिकका जंगलमा बस्ने आफ्ना मित्रहरूलाई गोप्यरूपमा एकत्रित गर्ने अनि त्यही भीडभित्र छिमेकी सिंहलाई घुसाएर सामूहिकरूपमा सिंह र बाघलाई त्यो जंगलबाट खेद्ने।

वर्षौंदेखि आफ्नो पुस्ता बसेको जंगलमा सिंह र बाघ मिलेर आफूहरूमाथि अन्याय गरेको अरु जनावरलाई असहय भएको थियो। सधैं लखेटिरहने त्यो सिंहलाई कसैले पनि तह लगाउन नसक्ने भएपछि जंगलका सारा जीवजन्तु डरले नै होला चुपचाप थिए। विचरा उनीहरू सहेर बस्नेबाहेक अर्को विकल्प पनि थिएन।

वल्लो जंगल र पल्लो जंगलदेखि खोलापारिसम्म रहेका जंगलका सिंहलाई त्यो कुरा थाहा थियो। ती सबै यो जंगललाई आफ्नो चरन मैदान बनाउने प्रयासमा थिए। त्यसका लागि उनीहरूले आफूले चाहेजस्तो जनावर खोजिरहेका थिए। बेलाबेलामा बाहिरी जंगलका सिंहहरू आफ्ना लागि आहार खोज्दै रूप फेर्दै चर्दैचर्दै त्यहाँ पुग्ने पनि गरेका थिए। त्यसरी चर्दै हिँड्ने क्रममा ब्वाँसोसँग भेट भएको थियो। ती सिंहहरूले ब्वाँसोकै रूप धारणा गरेर उसलाई आफ्नो नजिक बनाएका थिए। उसलाई आफ्नो जंगलमा लगेर घुमाउने र आहारको व्यवस्था पनि गर्दै आएका थिए।

त्यसरी आफ्नो जंगलमा पटक-पटक ल्याएर आहार ख्वाइसकेपछि त्यही सिंहले आफू सिंह भएको र छिमेकी जंगलको सिंहले अन्य जनावरलाई दुःख दिएको बहाना बनाएर त्यो जंगलका जीवजन्तुलाई सुख बाँड्ने आश्वासन दिएको थियो। आफ्नो जंगलको सिंह र बाघले दिएको दुःख ज्यादतीकाविरुद्ध ब्वाँसो क्रुद्ध थियो। उसलाई पनि 'ढुंगा खोज्दा देउता मिल्यो' भनेजस्तै भयो। ब्वाँसोलाई पनि सिंह र बाघले अरुलाई जस्तै खेदिरहेका थिए। त्यसैले ब्वाँसोले गोप्यरूपमा छिमेकी सिंहले भनेजस्तै उसकै सहयोग लिएर जंगलका सबै पशुपन्छी, जीवजन्तुलाई आफ्नो प्रभावमा पार्न सफल भएको थियो।

ब्वाँसोले जीवजन्तुलाई आफ्नो प्रभावमा पारेर विस्तारै जंगलमा राज जमाउने प्रयास गरिरहेको थियो। ब्वाँसोको त्यो गतिविधि सिंह र बाघले विस्तारै चाल पाउँदै गइरहेका थिए। ब्वाँसोले जंगलका अधिकांश जनावरलाई आफ्नो प्रभावमा पारेर तिनीहरू सबैको शक्तिको आडमा सिंह र बाघमाथि बेलाबेलामा झम्टने गर्दथ्यो। त्यो बाघ र सिंहलाई मन परिरहेको थिएन।

जंगलका जनावरहरू सिंह र बाघका विरुद्ध त्यही ब्वाँसोसँग लाग्न थालेपछि ब्वाँसोलाई कसरी जंगलबाट लेखेट्न सकिन्छ भन्ने योजना सिंह र बाघले बनाइरहेका थिए। तर ब्वाँसोले वरपर सबैतिर जंगलका विभिन्न खाले जनावरलाई आफ्नो मुठ्ठीमा पारिसकेको थियो। अब त जंगलमा सिंह र बाघको होइन ब्वाँसोको राज चल्न थालिसकेको थियो। ब्वाँसोको त्यो राज र जनावरहरूको प्रभाव जावो ब्वाँसो त हो नि भन्दै सिंह र बाघले किन टेर्थे र ?

जंगलमा वर्षौंदेखि राजा भएर बसेका सिंह र बाघ मिलेर बेलाबेलामा ब्वाँसोको हुँकार पनि गर्थे। त्यसो गरिरहँदा साराका सारा जीवजन्तुलाई सिंह र बाघविरुद्ध घेरा हाल्न पुग्थे। अब एउटा जनावर भए पो 'क्वाप्पै' खानु। सिंह र बाघलाई चिन्ताले घेर्न थालिसकेको थियो।

तर ब्वाँसो गोप्यरूपमा चाल बुन्दै आफूलाई माया गरेर सुरक्षा दिन खोज्ने जनावरलाई भरपुर प्रयोग गरिरहेको थियो। ब्वाँसोले सिंह र बाघमाथि जनावरलाई प्रयोग गरिरहेको छु भनेर दंग थियो। तर ब्वाँसोलाई छिमेकी जंगलका सिंहले उसकै बासस्थान सिध्याउने षडयन्त्र गरिरहेको पत्तै थिएन।

ब्वाँसोलाई माया गरेजस्तै गरी आफ्नो जंगलमा बोलाउँदै आहार ख्वाउने गर्दथे। ती सिंहले ब्वाँसोलाई मात्र आफ्नो जंगलमा आहारको व्यवस्था गरेन। उसका अन्य जनावरलाई पनि रोजेअनुरूपको आहार ख्वाउँदै आफ्नो पञ्जामा पारिसकेको थियो। लामो समयदेखि आफ्नो जंगलमा बोलाएर आहारविहारको व्यवस्था गरिरहेका वल्लो जंगल र पल्लो जंगलका सिंहले ब्वाँसोलाई अब मौसम ठीक भएकोले उसको जंगलको सिंहलाई घेराबन्दी पार्ने योजना दिएर आफ्नो जंगलका शक्तिशाली जनावरलाई समेत पठाएर बाघ र सिंहलाई जंगलबाट खेद्न पठाए।

ब्वाँसोले सोहीअनुरूप जंगलभरिका सहयोगी जनावरलाई आफ्नो जंगलको सिंह र बाघलाई एकैपटक घेरा हाली ङार्र... ङुर्र... गर्दै खोला कटाए। खोला काटेर अर्कै जंगलमा शरण लिएर बसेका बाघ र सिंहले आफूहरूले वर्षौंदेखि राज गरेको जंगलबाट लखेटिनुपरेपछि फेरि कसरी ब्वाँसा र अन्य जनावरलाई तह लगाउन सकिन्छ भनेर त्यही जंगलमा लुकेर हेरिरहेका थिए। खोलापारिबाट भए पनि ङार्र.. ङुर्र... गर्न भने छाडेका थिएनन्। पारि पुगेपछि मात्र थाहा पाए कि कसको शक्ति कुन बेला आउँदो रहेछ।

तर, विडम्बना नै भनौं जंगलबाट बाघ र सिंहलाई लखेटिरहँदा धेरै साना जनावरहरूले कोही थिचिएर, कोही कुल्चिएर त कोही अर्को जंगलबाट आएका सिंहबाट चिथोरिएर मर्नुपरेको थियो। जंगलका ठाउँ-ठाउँमा विभिन्न जन्तुहरू मरेका मात्र भेटिन्थे। ब्वाँसो दंग थियो बाघ र सिंह लखेट्न पाएकोमा।

सिंह र बाघलाई जंगलबाट लखेट्न पाएको ब्वाँसो केही समय त जंगली जनावरको रोजाइमा नै पर्‍यो। जब आफूलाई आहार खुवाएका वल्लो जंगल र पल्लो जंगलका सिंहले ब्वाँसोलाई ङार्र... ङुर्र... गर्न थाले त्यसपछि मात्र ब्वाँसोले चेत पायो। अरुको आहार र साथमा आफ्नो जंगल नै सखाप पार्न खोजिरहेको ब्वाँसोलाई नै जसले पहिले आहार खुवायो उसैले नै जंगलबाट लेखेटेर जंगल आफ्नो कब्जामा लिने प्रयास गर्‍यो।

सिंह र बाघ पारिबाट हेरिमात्र रहेका छन्, नवप्रवेशी सिंहले ब्वाँसोलाई पनि घपाइसकेको छ। अहिले जंगलमा सर्प, बिच्छी, हरिण, काग, बिरालो, सर्प सबै आफूलाई शक्तिशाली भन्दै जंगल कब्जा गर्ने होडमा दौडिएका छन्। विचरा ती बिच्छी, सर्प, हरिण आफैं लडिरहे तर जंगल त खोला पारिकै सिंहले कब्जा गरिसक्यो पत्तै पाएनन्। पढ्नेलाई सुनको माला, थाहा पाउनेलाई फूलको माला। यो कथा जो शक्तिशाली हुन्छ उसैकोमा जाला !

# प्राकृतिक विपत्ति बिर्सदै चाडपर्वको तयारीमा मैथिल

**महोत्तरी–** अविरल वर्षासँगै बाढी र डुबान खेप्दै दशहारा (दसैं) पर्व सकेका मधेसको महोत्तरीसहितका मिथिला क्षेत्रका बासिन्दा प्राकृतिक विपत्तिलाई बिर्संदै दीपावली र छठसहितका मुख्य पर्वको तयारीमा जुटेका छन् । दीपावलीमा बस्तीका सडक, ढल सरसफाइ गर्दै घर सिँगार्ने मैथिल परम्पराअनुसार यतिखेर यहाँका बस्तीबस्तीमा पर्वको उल्लास छाउँदो छ । सबै घरघरमै जसो दीपावली र त्यसलगत्तै आउने निष्ठाको पर्व छठको तयारी देखिँदो छ । उज्यालोको पर्व मानिने दीपावली र छठको तयारीले अहिले मिथिला क्षेत्र पर्वमय बन्दो देखिँदै छ ।

'दशहारा त बाढी, डुबानबीचमै बित्यो, मन खोलेर रमाइलो गर्न पाइएन । वर्ष दिनमा आउने पर्व हुन्, अब दीपावली र छठ राम्ररी मनाउन पाइयोस् भन्ने छ,' घर रङरोगनमा व्यस्त भंगाहा-५ कटैयाकी ६० वर्षीया रामराजी यादव भन्छिन्, 'काममै दलिएर भए पनि रमाउने भनेको चाडपर्वमै हो ।' बस्तीबस्तीमा राष्ट्रिय महत्त्वका यी पर्वको तयारीले मिथिला क्षेत्रमा अहिले चहलपहल निकै बढेको छ ।

कार्तिक कृष्ण त्रयोदशीका दिन 'धनतेरस' मनाएर सुरु गरिने मिथिलाको दीपावली पर्व कात्तिक शुक्ल द्वितीयाका दिन 'भैयादुज' मनाएर सम्पन्न गर्ने परम्परा छ । दीपावलीमा घरगाउँ झिलीमिली बनाउने यहाँको स्थापित परम्पराले केही दिन अगाडिदेखि नै पर्वको तयारी सुरु हुने गरेको छ । कार्तिक कृष्णपक्षको एकतिहाइ कटिसक्दा अब पर्वले छ्यप्पै छोपेको मैथिल बताउँछन् ।

'दीपावली र छठमा पूजाका सामग्री राखनधरनका लागि माटो मुछेर बनाइएका र बाँसको कप्टेराले बुनिएका नयाँ भाँडाको प्रयोग गरिने चलन छ । मैथिल यस प्रयोजनका लागि आवश्यक पर्ने माटाका तौला, छ्याँची, कलशको अंखरा, दीपमालिका गरिने दियौरी तथा बाँसको कप्टेराले बुनिएका ढाकी, छिटी, नाङ्लो, चाल्नोसहितका सामानको जोहोमा लागेका छन् । 'पवनी (पर्व) त अब आइ नै सक्यो माटाका भाँडा बनाउने कुम्हाल र बाँसको कर्ची (कप्टेरा)ले छिटीसहितका सामग्री बुन्ने बिनहरूसँग सम्पर्क गरेर टुंगो गरिसकेकी छु,' मटिहानी-९ बहुअर्बाकी गृहिणी उषा ठाकुर भन्छिन्, 'अब घर लिपपोत र रङरोगन थालिहाल्नु छ ।' पर्वको तयारीसँगै बाढीले लडाएका धानका बोट उठाउने, तरकारी बाली स्याहार्ने धमाधमले यतिखेर मैथिल व्यस्त देखिन्छ । खासगरी तरकारीखेतीका किसानलाई भ्याइनभ्याइ छ ।

'चाडपर्वले छोपिसक्यो, कामहरू भ्याइनभ्याइ छन्,' भंगाहा-४ का किसान गंगाराम महतो भन्छन्, 'भाण्टा र भिण्डी (रामझिगनी) दुई-दुई दिनको पालोमा टिपेर बजार लानपर्छ, एक दिन ढिला भए छिप्पिन्छ ।' चाडपर्वको मेसो पनि यिनै फसल बेचेर त मिलाउन पर्नेहुँदा झन् बढी व्यस्त हुनुपरेको महतोको भनाइ छ । मैथिलका खेतीपातीदेखि सबै व्यावसायिक काम अहिले पर्वकेन्द्रित बनेका छन् ।

यहाँ बर्खेधान खेतमा पाकेर पहेँलपुर छ । यो धान दीपावलीअघि थन्क्याइसक्नुपर्ने हुन्छ । दीपावली र छठका लागि बजार लगिनुपर्ने तरकारी बालीको स्याहार किसानको नियमित तालिकाकै काम हुन् । दीपावली र छठमा कतिपय कृषिउपज विधिमै उपयोग गरिने परम्पराले किसान अहिलेदेखि नै त्यसको तारतम्य मिलाउन लागिपरेका छन् । खासगरी छठमा उखुका लाँक्रा, अदुवा, बेसारका गानो र पातसहितका बोट, ज्यामिर र अन्य कन्दमूल पूजा सामग्री नै हुन्छन् । छठताका यिनको माग र बिक्री राम्रो हुने भएपछि थोरै करेसाबारी हुने गरिबका उत्पादनले पनि बजार पाउँछन् ।

यसैगरी बाँसको चोया र कप्टेराले बुनिने डाला, छिटी, नाङ्लो र चाल्नोसहितका राखनधरनका सामग्री बनाउने बिन र डोम समुदायलाई अहिले कामको चटारो छ । यसैगरी माटाका भाँडा बनाउने कुम्हाल रातदिन नभनी काममा जुटेका छन् । अब अन्य बेला कम प्रयोग हुने यस्ता भाँडा दीपावली र छठमा मात्र बिक्री हुनेहुँदा अहिले यिनीहरूको व्यस्तता बढेको हो ।

स-साना नानीहरूको रहर मेट्न पनि अभिभावकले दीपावली र छठ भनेर थुमथुम्याएका हुन्छन् । यसले बालबालिका र किशोरकिशोरी यो चाड कहिले आउँला भनेर पर्खेका हुन्छन् । उमेरले १५ वर्ष नाघेका किशोरकिशोरी रमाइलोका लागि पिङ बनाउने र चंगा उडाउने तयारी गर्दै छन् । पर्वको उमंग किशोरवय टेक्दै गरेका बालबालिका, किशोर र युवामा बढी देखिँदो छ । बस्तीबस्तीमा सडक, ढल सरसफाइमा बस्तीका बासिन्दा आफैं जुटेका छन् । जताततै पर्वले मिथिला उमंगित देखिएको छ । *रासस*

# मेची राजमार्गको विकल्पमा जोगमाई खोलामा 'डाइभर्सन'



**फिक्कल (इलाम)–** मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका-९ स्थित इलाम-राजदुवाली सडक खण्ड अवरुद्ध भएपछि विकल्पका रूपमा तिल्केनी-सिमलगोमा यातायात सञ्चालनको तयारी थालिएको छ । सडकअन्तर्गत जोगमाई खोलामा 'डाइभर्सन'मार्फत यातायात सञ्चालनको तयारी थालिएको प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले बताइन् ।

जोगमाई खोलामा आइतबारदेखि नै सडक डिभिजन इलाममार्फत धमाधन डाइभर्सन निर्माण भइरहेको प्रजिअ नेपालले जानकारी दिइन् । माइजोगमाई गाउँपालिका-४ नामसालिङ र इलाम नगरपालिका-१० गोदक जोड्ने जोगमाई खोलामा १० वटा ह्युम पाइपमार्फत डाइभर्सन निर्माण भइरहेको छ । डाइभर्सन र पहुँचमार्ग निर्माण आज साँझसम्ममा सम्पन्न गर्ने योजना रहेको सडक डिभिजन कार्यालय इलामका डिभिजन प्रमुख पवन भट्टराईले बताए ।

यही असोज १८ गतेको भारी वर्षापछिको बाढीले यहाँ गत असारमा निर्माण गरिएको बेलिब्रिज बगाएपछि यो सडकमा यातायात अवरुद्ध छ । यस सडकखण्डले इलाम सदरमुकामको तिल्केनीदेखि मेची राजमार्गको गोदक जोड्छ । यहाँबाट सोमबारदेखि नै साना सवारी सञ्चालन गर्ने तयारी भइरहेको प्रजिअ नेपालले बताइन् । तत्कालका लागि आइतबार तिल्केनी-बज्रदेवी-नामसालिङ-नयाँबजार-फिक्कलको रुटमा साना सवारी सञ्चालनमा ल्याइएको थियो ।

पहिरोका कारण अवरुद्ध मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका-९ स्थित इलाम-राजदुवाली सडक खण्ड अवरुद्ध भएपछि विगत १० दिनदेखि झापा, इलाम, पाँचथर र ताप्लेजुङका यात्रु तथा सवारी आवागमनमा समस्या देखिएको छ । 'तिल्केनी-सिमलगोलाई सडकअन्तर्गत जोगमाई खोलामा सडक डिभिजनमार्फत ह्युमपाइप राखेर डाइभर्सन निर्माण आइतबारदेखि नै सुरु गरिएको छ, आजदेखि नै यो सडकमा साना सवारी सञ्चालन गर्ने प्रयासमा छौं,' सडक डिभिजन कार्यालय इलामका डिभिजन प्रमुख भट्टराईले भने । ठूला तथा मालवाहक सवारीका लागि भने हालसम्म उपयुक्त वैकल्पिक मार्ग पहिचान गर्न नसकिएको नेपालको भनाइ छ । तीव्र मोड र साँघुरोपनाका कारण ठूला सवारीका लागि कठिनाइ हुने अवस्था रहेको उनले बताए । *रासस*


## साउदीमा रोजगार

कम्पनी : TAFNEED GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/२७ | LT. No. 332364 | चलानी नं.६०२४६०५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 1 | 0 | 1000 | ३७,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : TRAY BEVERAGE COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/२४ | LT. No. 331898 | चलानी नं.६०२४५९१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 13 | 0 | 1200 | ४५,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : KONG LEE ENG SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०३/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/२७ | LT. No. 325579 | चलानी नं.६०२३९५४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Livestock Worker | 10 | 0 | 1700 | ६४,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ४ गते (21st Oct . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60

**SUHASHA LINK PVT. LTD.**
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

## साउदीमा रोजगार

कम्पनी : AZM ALBAWADIR COMPANY FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०६/२६ | LT. No. 332368 | चलानी नं. ६०२४६०६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loading and unloading worker/ helper | 15 | 0 | 1000 | ३७,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MUATH MOHAMMED ABDULAZIZ AL FADHEL CONTRACTING CO. ONE PERSON CO

पूर्व स्वीकृति मिति : २०८२/०६/२६ | LT. No. 332369 | चलानी नं. ६०२४६०६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Vehicle Driver | 1 | 0 | 1800 | ६७,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ४ गते (21st Oct . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREAT NEPAL H.R PVT.LTD.**
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447/9705000448
9705000449/9705000450/9705000451/9705000452 E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

## साउदीमा रोजगार

कम्पनी : JAHMA STABLISHMENT CO

पूर्व स्वीकृति मिति : २०८२/०६/२७ | LT. No. 332316 | चलानी नं. ६०२४६०६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 3 | 0 | 1500 | ५६,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ४ गते (21st Oct . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०१५/०६८/६९

**G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.**
Samakhusi-29, Kathmandu, Bagmati Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com

## कतारमा रोजगार

कम्पनी : ROYAL TANDOOR

पूर्व स्वीकृति मिति : २०८२/०६/२७ | LT. No. 332341 | चलानी नं. ६०२४६०२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 2 | 0 | 1400 | ५४,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Chef/cook | 2 | 0 | 1500 | ५८,२२० | | | | | | | |
| 3 | Helpers/packers | 2 | 0 | 1000 | ३८,८१५ | | | | | | | |
| 4 | Waiter | 2 | 0 | 1400 | ५४,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ४ गते (21st Oct . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## कुवेतमा रोजगार

कम्पनी : THE LAVILLAGE RESTAURANT COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८२/०६/२७ | चलानी नं.: ६०२४६०१३ | LT.No.: 332338

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Labour -Indoor | 10 | 0 | सम्बन्धित काममा दक्ष | 90 | ४१,५६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | COOK (GENERAL) | 5 | 0 | | 150 | ६९,२७० | | | | | | | |
| 3. | FOOD RUNNERS | 10 | 0 | | 120 | ५५,४१६ | | | | | | | |
| 4. | WAITRESS/ WAITER | 10 | 15 | | 130 | ६०,०३४ | | | | | | | |

कम्पनी : SANA LADIES TAILORING COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८२/०६/२७ | चलानी नं.: ६०२४६०१५ | LT. No.: 332339

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | TAILOR GENERAL | 15 | 0 | स. काममा दक्ष | 140 | ६६,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कात्तिक ४ गते (21 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदिशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथ राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com


## Gramthan Rural Municipality
## Office of the Rural Municipal Executive

**Tetariya, Morang**

**Koshi Province, Nepal**

## Notice for Extension of Deadline for Bid Submission

**Date of publication: 2082/06/28**

1. This is to notify all perspective bidders that the deadline for the Submission of the bid for the work as stated in table below has been extended up to 9th November 2025, Time 11:00 am

| S. N. | Contract ID/IFB No. | Description | Initial Dead line | Extended Dead line | Remarks |
|---|---|---|---|---|---|
| 1 | G.R/NCB/WORKS/ 02-082-083 | Gaunpalika Namuna Yojana Lakhantari Simariya Gidhaniya sadak | 2025-10-30 11:00 AM | 2025-11-09 11:00 AM | |

For More Details https://bolpatra.gov.np/

## Godawari Municipality
## Office of Municipal Executive

**Bajrabarahi, Lalitpur**

**Bagmati Province, Nepal**

## Invitation for Bids (IFB)

**Date of publication: - 2082/06/28 B.S. (2025/10/14 A.D.)**

1. The Godawari Municipality has allocated funds towards the cost of the Following project specified in table below and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible Nepalese Bidders.
2. The Godawari Municipality, Office of Municipal Executive, Bajrabarahi, Lalitpur invites electronic bids only for the Construction of the following project under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

**A. Single Stage: Single-Envelope Bidding Procedure**

| S. N. | Contract Identification No. | Name of Project | Estimate Amounts NRs (Including VAT and PS ) | Cost of Bidding Document NRs | Bid Security NRs | Date of Pre-bid Meeting | Last Date and Time of Bid Submission | Bid opening Date and Time | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Godawarimun/ lalitpur/ W/NCB/ 08/082/83 | Upgrading of Road from Mahila Aawas Griha to Ward Office,Godawari-13, Lalitpur | 35,76,144.92/- | 3,000/- | 82,000/- | 2082/07/17 BS (2025/11/03 AD) Time: 13:00 hrs. | 2082/07/27 BS (2025/11/13 AD) Time 12:00 hrs. | 2082/07/27 BS (2025/11/13 AD) Time: 13:00 hrs. | |
| 2 | Godawarimun/ lalitpur/ W/NCB/ 09/082/83 | Construction of Rental shop shutters and Public Toilet at location of Chapagaun Tarkari Bazar . Godawari Municipality-11, Lalitpur. | 12,321,523.10/- | 3,000/- | 2,74,000/- | | | | |

1. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
2. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
3. Eligible Bidders may obtain further information from the Godawari Municipality, Office of the Municipal Executive, Bajrabarahi, Lalitpur, Phone No. 01-5572592 during office hour. or may visit PPMO website:- www.bolpatra.gov.np/egp/
4. For more details about the Invitation for Bids (IFB), Bidders can go through the Bidding Documents.
5. Other mandatory information as per PPA and PPR.

**Chief Administrative Officer**

# प्रभाव दैनिक

रूपशाला

मंगलबार, २८ असोज २०८२ (Tuesday, 14 October 2025)


## चलचित्र 'सोल्टिनी'को ट्रेलर सार्वजनिक

आगामी कात्तिक ६ गते भाइटीकाको दिनदेखि प्रदर्शनमा आउन लागेको नेपाली चलचित्र 'सोल्टिनी'को ट्रेलर सोमबार सार्वजनिक गरिएको छ । काठमाडौँमा आयोजित उक्त कार्यक्रममा चलचित्र युनिटका कलाकार, निर्देशक तथा पत्रकारहरूको उपस्थिति रहेको थियो । निर्देशक अर्जुन सुवेदी, अभिनेता प्रकाश सपुत, अभिनेत्री परीक्षा लिम्बू, अभिनेता विल्सनविक्रम राई, रवीन्द्र झा, सुन्दर धिताल, सुजन खतिवडा, अभिनेत्री सबु गुरूङलगायतको उपस्थिति थियो । ट्रेलरले अन्तरजातीय प्रेममा देखा पर्ने सामाजिक विभेद, समुदायबीचको असमानता र त्यसले निम्त्याउने संघर्षपूर्ण परिस्थितिलाई उजागर गरेको छ ।



# चलचित्र 'चिराग'को 'फूल बनी फुल्थे' गीत सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी मंसिर ५ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र 'चिराग'को गीत 'फूल बनि फुल्थे' सार्वजनिक गरिएको छ ।

दिपक लिम्बु र अस्मिता अधिकारीको स्वर रहेको सार्वजनिक गीतमा शब्द र संगीत त्यागमूर्तिको छ ।

प्रेम भावको उक्त गीतको भिडियोलाई पूर्ण भिएफएक्स गरेर निर्माण गरिएको छ । भिडियोमा त्यागमूर्ति र संकला गौतमलाई फिचर्ड गरिएको छ । चिरागको यसअघि एक पोस्टर सार्वजनिक गरिएको छ । जसमा त्यागमूर्ति तेस्रोलिंगीको भूमिकामा देखिएका थिए । अहिले सार्वजनिक गीतमा उनी पुरुषकै भूमिकामा छन् । त्यागमूर्ति चलचित्रका मुख्य कलाकार समेत हुन् । उनी चिरागमा तेस्रोलिंगीलाई फरक तरिकाले प्रस्तुत गरिएको चलचित्र भएको बताउँछन् ।

चलचित्रमा त्यागमूर्तिसँगै सुशील पोखेल, प्रज्ञा जोशी, सुभाष गजुरेल, दामोदर भण्डारी, शेर बहादुर डिसी, संकला गौतम, नरेश प्रसाद भट्ट, मनोज आचार्य, माधवा खनाल, मिनाक्षी खनाल, बाल कलाकार सागर खरेल लगायतको अभिनय छ ।

चलचित्रका निर्माता संकला गौतम, नरेश प्रसाद भट्ट र त्यागमूर्ति हुन् । हरिनन्दा ब्यानरमा निर्माण भएको फिल्म त्यागमूर्तिले निर्देशन गरेका हुन् । राहुल राई र मेफुज अन्सारीको छायांकन रहेको चलचित्रमा सुभाष देवकोटाको सम्पादन रहेको छ ।

# 'मुगलान'को रिलिज मिति घोषणा

**काठमाडौं (प्रस)–** फिल्म 'मुगलान' आगामी पुस १० गते (डिसेम्बर २५) देखि प्रदर्शनमा आउने भएको छ । निर्माण टिमले सोमबार फिल्मको फष्टलुक्स सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति घोषणा गरिएको हो । फष्टलुक्समा अभिनेता प्रभात पाल र अभिनेत्री स्मारिका ढकाललाई ग्रामीण भेसभुसामा देखाइएको छ । प्रभात बाँसुरी बजाउन लागेको जस्तो देखिन्छन् भने स्मारिका लजालुपनमा छिन् । यसले उनीहरू बिचको प्रेमकथा झल्काएको छ । उनीहरू फिल्ममा नेपाली गाउँ-समाज र परदेश-पृष्ठभूमि समेटिएको सङ्केत गर्छ ।

रेहान प्रोडक्सनको ब्यानरमा बनेको फिल्ममा प्रभात पाल, स्मारिका ढकाल, श्री शिवांशु, दिनेश डीसी, मोती सुबेदी, रामचन्द्र अधिकारी, ख.ब.पु., राजु राज सोनी, रश्मी भट्ट, जीवन गौतम र सविन बास्तोला लगायतका कलाकारको अभिनय छ । फिल्मलाई आशिष ढकालले लेखन र निर्देशन गरेका हुन् भने गोमनसिंह यसको निर्माता हुन् । को-प्रोड्युसरमा रिता चौधरी रहेकी छन् । फिल्मको सम्पादन तारा थापा 'किम्भे'ले गरेका छन् । जय विष्ट र राम गुरुको द्वन्द्व निर्देशन रहेको यो फिल्ममा बिजिएम रिदम कँडेलको छ । फिल्ममा कोरियोग्राफर देवेन्द्र कुँवरको छ भने डिओपी अजय रेग्मीको छ । किरण भुसालको संगीत रहेको फिल्मले युवाहरूको परदेशको सपना, गाउँघरको प्रेम र सङ्घर्षको कथा उजागर गर्नेछ ।

# नीर शाहको जन्मदिनमा 'परान'को टिजर

■ प्रभाव संवाददाता


**काठमाडौं–** आगामी कार्तिक १४ गते प्रदर्शनमा आउने चलचित्र 'परान'को टिजर सार्वजनिक भएको छ ।

वरिष्ठ अभिनेता निर शाहको जन्मदिनको अवसर पारेर आइतबार चलचित्रको पोएटिक टिजर सार्वजनिक गरिएको हो । टिजरमा कवि नवराज पराजुलीको शब्द उनकै आवाजमा प्रस्तुत गरिएको छ ।

कवि पराजुलीका शब्दहरूमा चलचित्रका मुख्य कलाकार निर शाहको मनोभावनालाई प्रमुख रूपमा प्रस्तुत गरिएको छ । कवितामा छोरालाई ईश्वरले दिएको उपहार मान्दै छोरालाई जसरी हुर्काइयो बढाइयो एउटा बाबुलाई पनि छोराले जीवनको अन्तिम समयसम्म सोही प्रकारले साथ दिनुपर्ने कुरा व्यक्त भएको छ ।

टिजरमा शाहका अलवा मदनकृष्ण श्रेष्ठ, केकी अधिकारी, महेश त्रिपाठी, बुद्धि तामाङ, प्रवीण खतिवडा, पूजा चन्द तथा अन्जना बराइली लगायत पनि अटाएका छन् । सक्किगोनीका कलाकार दीपकप्रसाद आचार्य (काकु)को निर्देशनमा निर्माण भएको चलचित्रमा नीर शाह, मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, केकी अधिकारी, प्रवीण खतिवडा, बुद्धि तामाङ, यासेली योङहाङ, बबिन राई, पुष्पराज ओझा लगायत कलाकारको अभिनय छ ।

गोल्छा समूह तथा प्रिज्मा समूहको साझेदारी रहेको चलचित्र कम्पनी बाइस्कोप सिनेमा प्रालिले निर्माण गरेको हो ।




## रंगशाला

### नेपाल कबड्डी लिग

# सिजन–२ का लागि ५१२ नेपाली खेलाडी दर्ता

**काठमाडौं (प्रस)–** नेपाल कबड्डी लिग (एनकेएल) को सिजन–२ को ड्राफ्टका लागि ५१२ जना नेपाली खेलाडी दर्ता भएका छन् ।

आयोजक एस्ट्रोनिक्स म्यानेजमेन्टका प्रमुख अमितकुमार बेगानीले सोमबार बताए, 'पहिलो सिजनको ड्राफ्टमा २७८ जना नेपाली दर्ता भएका थिए । दोस्रो सिजनकमा ५१२ स्वदेशी खेलाडी दर्ता भएका छन् ।'

प्रतियोगिताका लागि बागमती प्रदेशबाट सर्वाधिक १५५ खेलाडी दर्ता भएका छन् । त्यस्तै, सुदूरपश्चिमका १०३, लुम्बिनीका ९८, मधेश प्रदेशका ७०, कोशीका ३५, कर्णालीका २७ र गण्डकीका २४ जना छन् । आयोजकले सिजन–२ को ड्राफ्ट र प्रतियोगिताको मिति चाँडै सार्वजनिक गर्ने बताएको छ ।

गत वर्ष भएको पहिलो संस्करणमा ६ सहरका ६ टिमले ड्राफ्टमार्फत् ८४ खेलाडी लिएका थिए, जसमा नेपाली खेलाडीको संख्या ६६ थियो । पहिलो सिजन थाइल्यान्ड, बंगलादेश, श्रीलंका र केन्या गरी चार देशका १८ खेलाडी एनकेएलमा आएका थिए ।

एनकेएलको पहिलो संस्करणमा विराटनगर ब्यान्डिट्स, जनकपुर नाइट्स, काठमाडौं माभरिक्स, पोखरा लेकर्स, बुटवलको हिमालयन राइडर्स र धनगढी वाइल्डक्याट्सले प्रतिस्पर्धा गरेका थिए । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा सम्पन्न पहिलो संस्करणको फाइनलमा काठमाडौंलाई ४३–४१ ले पराजित गर्दै जनकपुर च्याम्पियन बनेको थियो ।

# जनकपुर बोल्ट्सको प्रशिक्षकमा चन्द्रपल




**काठमाडौं (प्रस)–** साबिक विजेता जनकपुर बोल्ट्सले नेपाल प्रिमियर लिग (एनपिएल) को दोस्रो संस्करणका लागि वेस्ट इन्डिजका पूर्व कप्तान शिवनारायण चन्द्रपललाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ । जनपुरले चन्द्रपालको नियुक्तिले उपाधि रक्षा अभियान पूरा हुने विश्वास लिएको छ । उनले पुबुदु दासानायकेको स्थान लिनेछन् । दासानायके हाल अमेरिकी राष्ट्रिय टोलीका प्रशिक्षक छन् ।

चन्द्रपलले वेस्ट इन्डिजबाट १६४ टेस्ट र २६८ एकदिवसीय अन्तर्राष्ट्रिय खेल खेलेका छन् । आफ्नो २१ वर्षे अन्तर्राष्ट्रिय खेल जीवनमा चन्द्रपालले २० हजार भन्दा बढि रन बनाए ।

उनीसँग क्यारेबियन प्रिमियर लिग (सिपीएल), भाइटालिटी ब्लास्ट, बंगलादेश प्रिमियर लिग, च्याम्पियन्स लिग ट्वान्टी–२० र इन्डियन प्रिमियर लिगमा खेलेको अनुभव छ । उनले खेलाडीको रूपमा काउन्टी क्रिकेटमा पनि लामो समय बिताए । चन्द्रपलसँग सिपीएको फ्रेन्चाइज टोली जमैका तथा अमेरिका महिला राष्ट्रिय क्रिकेट टोलीको प्रशिक्षण सम्हालेको अनुभव छ । एनपिएलको दोस्रो संस्करण मंसिर १ देखि २७ सम्म हुँदै छ ।


## कतारमा रोजगार

कम्पनी : NEW ALAHAD FACILITTY MANAGEMENT AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०६/२७ | LT. No. 332415 | चलानी नं. ६०२४६०७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 3 | 0 | 1200 | ४६,५७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 3 | 0 | 1200 | ४६,५७७ | | | | | | | |
| 3 | Driver | 2 | 0 | 1800 | ६९,८६६ | | | | | | | |
| 4 | Electrician | 1 | 0 | 1200 | ४६,५७७ | | | | | | | |
| 5 | Ground Steward (Female) | 0 | 2 | 1000 | ३८,८१५ | | | | | | | |
| 6 | Labour | 3 | 0 | 1000 | ३८,८१५ | | | | | | | |
| 7 | Mason (Nepal) | 3 | 0 | 1200 | ४६,५७७ | | | | | | | |
| 8 | Painter | 2 | 0 | 1200 | ४६,५७७ | | | | | | | |
| 9 | PLASTER WORKER (MASON) | 3 | 0 | 1200 | ४६,५७७ | | | | | | | |
| 10 | Plumber | 1 | 0 | 1200 | ४६,५७७ | | | | | | | |
| 11 | Waiter | 0 | 2 | 1400 | ५४,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ४ गते (21st Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KALIKA HUMAN RESOURCE PVT LTD
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

## मलेसियामा रोजगार

कम्पनी : INSIGHT ALLIANCE SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०५/३० | LT. No. 330953 | चलानी नं. ६०२४४८९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 39 | 0 | 1700 | ५७,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ४ गते (21st Oct . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

MOBHIRA H.R. SERVICE PVT. LTD.
श्रम ईजाजत नं. १००१/०६८/६९
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com

## साउदीमा रोजगार

कम्पनी : ANFASH AUTO SERVICES ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/२७ | LT. No. 332365 | चलानी नं. ६०२४६०७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Wash & Gresing Labor | 2 | 0 | 1000 | ३७,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ४ गते (21st Oct . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

HALESI OVERSEAS PVT LTD
Govt. License No. 1161/073/74
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com

## मलेसियामा रोजगार

कम्पनी : CHIN TECK PLANTATIONS BERHAD

पूर्व स्वीकृति मिति : २०८२/०६/२७ | LT. No. 332322 | चलानी नं. ६०२४६०२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker (Plantation Sector) | 15 | 0 | 1700 | ५७,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ४ गते (21st Oct . 2025) मा हुनेछ ।

